

गण्डकी प्रदेश सरकारका

# चार वर्ष

२०७८ फागुन ४




प्रदेश प्रमुख सीताकुमारी पौडेलसमक्ष सपथ ग्रहण गर्दै
माननीय मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल



प्रदेश प्रमुख सीताकुमारी पौडेलसमक्ष सपथग्रहण गर्दै माननीय मन्त्रीज्यूहरु



प्रदेश प्रमुख सीताकुमारी पौडेलसमक्ष सपथग्रहण गर्दै माननीय मन्त्रीज्यूहरु



मन्त्रिपरिषद बैठकमा माननीय मुख्यमन्त्री र मन्त्रीज्यूहरु



कालीगण्डकी डाइभर्सन परियोजनाले पार्ने असरका बारेमा छलफल गर्न
आयोजित सर्बपक्षीय छलफल



गण्डकी प्रदेश प्रहरी कार्यालयलाई गाडी हस्तान्तरण गर्दै
माननीय मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल



मन्त्री, प्रमुख सचिव र सचिवहरुलाई निर्देशन दिँदै माननीय मुख्यमन्त्री
कृष्णचन्द्र नेपाली पोखरेल



विश्व पर्यटन दिवसका २०२१ का अवसरमा पोखरामा आयोजित कार्यक्रममा
विदेशी राजदूतहरु ।

# गण्डकी प्रदेश सरकारका

# चार वर्ष

## उपलब्धि विवरण

२०७८ फागुन ४ गते

प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

गण्डकी प्रदेश, पोखरा, नेपाल

© प्रतिलिपि अधिकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
गण्डकी प्रदेश, पोखरा, नेपाल

**फोन** : ०६१-४६७६४८, ४६७६६४, ४६७६८३, ४६७८५१
**फ्याक्स** : ०६१-४६७६६५
**ईमेल** : ocmcm@gandaki.gov.np, ocmcm.gandaki@gmail.com
**वेवसाईट** : ocmcm@gandaki.gov.np

# सम्पादक मण्डल

प्रदेश सचिव श्री रामप्रसाद आचार्य, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - संयोजक

प्रदेश सचिव श्री मनमायाँ भट्टराई पंगेनी, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

उपसचिव श्री यामप्रसाद सुवेदी, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

उपसचिव श्री रामेश्वर अर्याल, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

उपसचिव/नवौं श्री मुक्तिनारायण भण्डारी, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

कम्प्युटर अधिकृत श्री मिलन बहादुर के.सी., मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

शाखा अधिकृत श्री विकाश थापा मगर, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

# शुभकामना

नेपालको संविधान बमोजिम मुलुक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको गन्तव्यमा पुग्ने गरी यात्रारत रहेको व्यहोरा हामी सबै लाई अवगत नै छ । एकात्मक शासन व्यवस्थाबाट नागरिक अपेक्षा पूरा हुन नसकेको महशुस भएकोले देशलाई संघात्मक शासन व्यवस्था मार्फत् सामाजिक न्याय सहितको समावेशी, सन्तुलित र दिगो विकासको गतिलाई अगाडि बढाउन प्रादेशिक विकासको अवधारणा अघि बढेको छ । यसलाई संस्थागत गर्दै प्रदेश सरकार गठन भएको चार वर्षे सुखद अवधि व्यतित गरी पाँचौ वर्षमा प्रवेश गर्दै गरेको यो पुनित् अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका गण्डकी प्रदेशका सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरूप्रति गण्डकी प्रदेश सरकारको तर्फबाट हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु ।

नेपालको लोकतान्त्रिक आन्दोलन तथा सामाजिक आर्थिक रूपान्तरणका लागि नेपाली जनताको बलिदानी नेपालको इतिहासमा स्वर्णिम अक्षरले लेखिएको छ। यस क्रममा नेपालको समृद्धि, अग्रगामी परिवर्तन र सामाजिक न्यायका लागि भएका सबै खाले आन्दोलन र संघर्षका क्रममा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरूप्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्न चाहन्छु। आन्दोलनका क्रममा घाइते, अपाङ्ग भएका योद्धा र उहाँहरूको परिवारप्रति उच्च सम्मान प्रकट गर्दै स्वास्थ्यलाभ र प्रगतिको कामना समेत प्रकट गर्न चाहन्छु। साथै, लोकतन्त्र, सामाजिक न्याय र रूपान्तरणका लागि अमूल्य योगदान गर्नुहुने सम्पूर्ण अग्रजहरूप्रति समेत उच्च सम्मानभाव प्रकट गर्न चाहन्छु।

प्रदेश सरकारले आफ्नो चार वर्षे जीवनकालमा हासिल गरेका मुख्यमुख्य उपलब्धि समेटी यो पुस्तिका प्रकाशन भएको छ। यस पुस्तिकामा प्रदेश सरकारले चार वर्षमा हासिल गरेका उपलब्धिलाई तथ्य र तथ्याङ्कको रूपमा प्रकाशन गरिएको छ। प्रदेशको समृद्धिका लागि सरकारी तहबाट गरिएका प्रयत्नहरूको विवरण पनि यस पुस्तिकामा समावेश छन् । पुस्तिकामा प्रदेश गौरवका आयोजना र रूपान्तरणकारी

आयोजनाहरूको विवरण पनि उल्लेख गरिएको छ । यस पुस्तिका प्रकाशनबाट एकातर्फ प्रदेश सरकारले चार वर्षमा हासिल गरेका उपलब्धिको अभिलेखीकरण भएको छ भने अर्कोतर्फ अध्ययन र अनुसन्धानकर्ताको लागि स्रोत सामग्रीको रूपमा समेत काम गर्ने मैले विश्वास लिएको छु। प्रस्तुत पुस्तिका प्रकाशन गर्न सहयोग पुऱ्याउने प्रदेश सरकारका प्रमुख सचिवज्यू, सचिवज्यूहरू र सम्पूर्ण कर्मचारीहरूलाई विशेष धन्यवाद दिन चाहन्छु । तपाईंहरूले गरेको यो कार्यले प्रदेशको समृद्धि र विकासमा महत्वपूर्ण योगदान पुग्ने छ।

धन्यवाद।

४ फागुन २०७८

(कृष्णचन्द्र नेपाली पोखरेल)
मुख्यमन्त्री

# प्रदेश सरकारका प्रतिबद्धता

“**समृद्ध नेपालः सुखी नेपाली**” को राष्ट्रिय आकाङ्क्षालाई साकार पार्न प्रदेशको सन्तुलित, समन्यायिक र समावेशी विकास गरी “**समृद्ध प्रदेशः सुखी नागरिक**” निर्माण गर्न प्रथम पञ्चवर्षीय योजनाका लक्ष्यहरू देहाय अनुसार रहेका छन् ।

- बहुआयामिक गरिबी सूचकाङ्क १४.२० प्रतिशतबाट ७ प्रतिशतमा झार्ने ।
- गण्डकी प्रदेशको वार्षिक औसत आर्थिक वृद्धिदर १०.२० प्रतिशत पुऱ्याउने ।
- प्रतिव्यक्ति आय १,०४३ अमेरिकी डलरबाट १,९५६ पुऱ्याउने।
- प्रदेशको कुल गार्हस्थ्य उत्पादन रू. ३ खर्ब ८ अर्बबाट रू. ४ खर्ब ६८ अर्ब पुऱ्याउने ।
- पूर्ण बेरोजगारी दर ९ प्रतिशतबाट ४ प्रतिशतमा झार्ने ।
- अपेक्षित आयु ७१.४ वर्षबाट ७७ वर्ष पुऱ्याउने ।
- ५ वर्षमुनिको बाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा) २७ बाट २२ मा झार्ने ।
- दक्ष स्वास्थ्यकर्मीबाट प्रसुति सेवा लिएका महिलाको सङ्ख्या ६९.९० प्रतिशतबाट ८० प्रतिशत पुऱ्याउने ।
- प्रजनन उमेरका महिलामा रक्तअल्पता २८.२० प्रतिशतबाट १६ प्रतिशतमा झार्ने ।
- ५ वर्षमुनिका बालबालिकामा रक्तअल्पता ४६.२० प्रतिशतबाट १० प्रतिशतमा झार्ने ।
- आधारभूत तहमा खुद विद्यार्थी भर्नादर ९४.८० बाट ९९ प्रतिशत पुऱ्याउने ।
- गण्डकी विश्वविद्यालय स्थापना गरी सञ्चालन गर्ने ।
- गण्डकी प्राविधिक प्रतिष्ठान स्थापना गरी सञ्चालन गर्ने ।
- सबै निर्वाचन क्षेत्रलाई सडक सञ्जालले जोड्न “**एक निर्वाचन क्षेत्र–एक सडक**” निर्माण गर्ने ।
- प्रदेशभित्रका सबै स्थानीय तहका प्रशासकीय केन्द्र जोड्ने सडक निर्माण गर्ने ।
- आर्थिक वर्ष २०७८/७९ भित्र “**गण्डकी प्रदेश–उज्यालो प्रदेश**” बनाउने लक्ष्य पूरा गर्ने ।
- आर्थिक वर्ष २०७८/७९ भित्र सबै घरपरिवारमा आधारभूत खानेपानी सुविधा पुऱ्याउने ।
- प्रदेश सरकारबाट घोषित “**एक घर–एक धारा**” को लक्ष्य पूरा गर्ने ।

- प्रदेशको खाद्यान्न उत्पादन दोब्बर बनाउन कृषि प्रणालीलाई यान्त्रिकीकरण, व्यवसायीकरण र आधुनिकीकरण गर्ने ।
- गण्डकी प्रदेशलाई पर्यटन हब र पोखरालाई नेपालको पर्यटकीय राजधानीको रूपमा विकास गरी प्रदेशभित्र वार्षिक २० लाख पर्यटक भित्राउने ।
- पोखरामा अत्याधुनिक सुविधा सम्पन्न अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र निर्माण गर्ने ।
- प्रदेशस्तरीय २ औद्योगिक क्षेत्र र सम्भाव्य देखिएका ५१ स्थानीय तहमा औद्योगिक ग्राम स्थापना गर्ने ।
- संघ र पोखरा महानगरपालिकासँगको सहकार्यमा प्रदेशस्तरीय बसपार्क र पोखरा महानगरपालिकासँगको सहकार्यमा नगर बसपार्क निर्माण गर्ने ।
- अत्याधुनिक सुविधा र साधन सम्पन्न प्रदेश प्रहरी प्रशिक्षण प्रतिष्ठान निर्माण गर्ने ।
- सार्वजनिक सेवा प्रवाहलाई सरल, छिटो छरितो, पारदर्शी, जवाफदेही, परिणाममुखी, गुणस्तरीय, नागरिकमैत्री र प्रभावकारी बनाउन विद्युतीय सुशासन प्रवर्द्धन गरी **डिजिटल प्रदेश** बनाउने ।

# प्रदेश विकासको मार्गचित्र

- नेपालको संविधानले निर्देश गरेका विकास, समृद्धि तथा सामाजिक रूपान्तरणका अभिभारा कार्यान्वयन गर्दै नेपाललाई सन् २०२६ मा अति कम विकसित मुलुकबाट विकासशील मुलुकमा स्तरोन्नति गर्ने, सन् २०३० सम्ममा दिगो विकासका लक्ष्यहरूको प्राप्तिसँगै मध्यम आय भएको मुलुकको स्तरमा पुर्‍याउने र "**समृद्ध नेपाल र सुखी नेपाली**" को राष्ट्रिय संकल्पलाई सघाउने गरी प्रदेशले समपूरक र परिपूरकको भूमिका निर्वाह गर्ने ।
- विकास व्यवस्थापनलाई सुदृढ गराउने गरी यथार्थपरक उद्देश्य, रणनीति र कार्यनीति सहितको प्रदेशको प्रथम पञ्चवर्षीय योजना, नेपाल सरकारको पन्ध्रौं योजना र स्थानीय तहका आवधिक योजनासँग सामञ्जस्यता कायम गर्ने ।
- क्षेत्रगत नीति, आवधिक योजना, कार्यक्रम तथा आयोजना, बजेट तर्जुमा, कार्यान्वयन र अनुगमन, मूल्याङ्कन तथा सर्वेक्षणको कार्यलाई तथ्यमा आधारित बनाउन आवश्यक पूर्वाधार विकास, क्षमता अभिवृद्धि तथा प्रादेशिक तथ्याङ्कको संस्थागत व्यवस्था गर्ने ।
- नेपालको संघीयता तीन तह बीच सहकारिता, सहअस्तित्व र समन्वयमा आधारित भएको हुँदा संघीयता कार्यान्वयनका लागि संघ र प्रदेश, प्रदेश र प्रदेश तथा प्रदेश र स्थानीय तह बीच आयोजना र कार्यक्रमका विषयमा नीतिगत समन्वयका लागि संस्थागत व्यवस्था सुदृढ गर्ने ।
- विभिन्न तहका आयोजनाको वर्गीकरण, छनौट, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन प्रक्रियालाई स्थानीय तहमा संस्थागत गर्ने ।
- प्रदेश गौरवका आयोजना छनौट गर्दा जिल्लागत र पालिकागत सन्तुलन मिलाएर समतामूलक आर्थिक वृद्धि हासिल गर्न सहयोग गर्ने, नयाँ रोजगारीका अवसर सिर्जना गर्ने र उत्पादनमूलक आयोजनालाई प्राथमिकता दिने ।
- आयोजना बैङ्क स्थापना गरी योजनाबद्ध विकासलाई नतिजामा आधारित तथा व्यवस्थित बनाउन आयोजना तथा क्षेत्रगत नीति निर्माणको कार्यलाई अध्ययन अनुसन्धानसँग आबद्ध गरी अनुगमन प्रणालीलाई बलियो बनाउने ।

- आयोजनाको छनौट, प्राथमिकीकरण र स्रोत विनियोजन प्रभावकारी बनाउन मध्यमकालीन खर्च संरचनालाई संस्थागत गर्दै जाने ।
- विकास निर्माण कार्यमा संलग्न निजी, सहकारी तथा सामुदायिक क्षेत्रको साझेदारी तथा सहकार्यलाई प्रवर्द्धन गर्ने ।

# क्षेत्रगत उपलब्धि

## आर्थिक क्षेत्र

- प्रदेशको कुल गार्हस्थ्य उत्पादन आर्थिक वर्ष २०७६/७७ मा रू. ३ खर्ब ४४ अर्ब ४५ करोड (प्रचलित मूल्यमा) रहेकोमा आर्थिक वर्ष २०७७/७८ मा बढेर रू. ३ खर्ब ७२ अर्ब १६ करोड पुगेको अनुमान गरिएको छ।
- आर्थिक वर्ष २०७७/७८ मा नेपालको कुल गार्हस्थ्य उत्पादन रू ४२ खर्ब ६६ अर्ब ३२ करोड रहेकोमा यस प्रदेशले ८.७ प्रतिशत हिस्सा ओगटेको छ।
- आर्थिक वर्ष २०७६/७७ मा प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि र गैरकृषि क्षेत्रको योगदान क्रमशः २८.२६ र ७१.७४ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७७/७८ मा क्रमशः २८.१६ र ७१.८४ प्रतिशत रहेको अनुमान गरिएको छ।
- आर्थिक वर्ष २०७६/७७ मा प्रदेशको आर्थिक वृद्धिदर १.६३ प्रतिशतले संकुचन भएकोमा आर्थिक वर्ष २०७७/७८ मा ३.६३ प्रतिशतले विस्तार हुने प्रारम्भिक अनुमान रहेको छ।
- आर्थिक वर्ष २०७७/७८ मा प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक क्षेत्रको २९ प्रतिशत, द्वितीय क्षेत्रको १६.७० प्रतिशत र सेवा क्षेत्रको ५४.४० प्रतिशत योगदान रहेको छ।
- २०७७ को असार मसान्तसम्म प्रदेशका बैंक तथा वित्तीय संस्थाले निजी क्षेत्रमा रू. २ खर्ब ४७ अर्ब ६२ करोड ऋण लगानी गरेकोमा २०७८ को असार मसान्तसम्म २७.७० प्रतिशतले बढेर रू. ३ खर्ब १५ अर्ब ६५ करोड पुगेको छ। जसमध्ये कृषि, वन तथा मत्स्यपालन क्षेत्रमा रू. २६ अर्ब ३७ करोड (८.५०%), औद्योगिक क्षेत्रमा रू. ६१ अर्ब ६९ करोड (१९.९०%) र सेवा क्षेत्रमा रू. २ खर्ब २७ अर्ब ५९ करोड (७१.६०%) रहेको छ।
- २०७७ को असार मसान्तसम्म प्रदेशका बैंक तथा वित्तीय संस्थाले रु. ३ खर्ब ७ अर्ब ८३ करोड निक्षेप सङ्कलन गरेकोमा २०७८ को असार मसान्तसम्म २२.४० प्रतिशतले बढेर रू. ३ खर्ब ६८ अर्ब ३२ करोड पुगेको छ।
- २०७७ को असार मसान्तसम्म प्रदेशमा बैंक तथा वित्तीय संस्थाका १२८८ शाखा रहेकोमा २०७८ असार मसान्तसम्म यो संख्या बढेर १३६६ पुगेको छ।

- २०७८ असार मसान्तसम्ममा यस प्रदेशमा निक्षेपकर्ताहरूको कुल संख्या ४१ लाख ६४ हजार ५७८ पुगेको छ, जुन २०७७ असार मसान्तको तुलनामा १२.९०% ले वृद्धि भएको देखिन्छ।
- प्रदेशका बैंक तथा वित्तीय संस्थामा आर्थिक वर्ष २०७६/७७ को अन्त्यमा रु. ६० अर्ब लगानी योग्य मौज्दात रहेकोमा आर्थिक वर्ष २०७७/७८ को अन्त्यमा रु. ५२ अर्ब मौज्दात रहेको छ।
- विश्वव्यापी महामारीको रूपमा फैलिएको कोभिड-१९ ले पर्यटन, यातायात, कृषि, उत्पादन तथा सेवा क्षेत्रमा पारेको प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्दै उत्पादन तथा रोजगारी अभिवृद्धि गर्न उद्यमी तथा व्यवसायीलाई निर्ब्याजी कर्जा उपलब्ध गराउन एक अर्ब रुपैयाँको **व्यवसाय जीवन रक्षा कोष** स्थापना गरी व्यवसाय जीवन रक्षा कर्जा कार्यक्रम कार्यान्वयनमा ल्याइएको छ। यस कार्यक्रमको कार्यान्वयनबाट करिब ८ अर्ब रुपैयाँ बराबरको कर्जा प्रवाह हुने अनुमान छ। यस कार्यक्रमबाट हालसम्म रु. १ अर्ब २९ करोड ५० लाख लगानी भइसकेको छ। सो कार्यक्रमको म्याद थप गरी थप कर्जा प्रवाहको लागि प्रक्रिया अगाडि बढाइएको छ। यसबाट गण्डकी प्रदेशका पर्यटन, यातायात, उत्पादन तथा सेवामूलक व्यवसायको आर्थिक गतिविधिमा बढोत्तरी भइ उत्पादन तथा रोजगारी अभिवृद्धि हुने अपेक्षा गरिएको छ।

## कृषि तथा पशुपन्छी विकास

- प्रदेश गौरवको आयोजनाको रूपमा रहेको **मुख्यमन्त्री जलवायुमैत्री नमूना कृषि गाउँ कार्यक्रम** प्रदेशका ८५ स्थानीय तहका ८७ गाउँमा सञ्चालन भएको छ। यस कार्यक्रमबाट हालसम्म ९६ हेक्टरमा बेमौसमी तरकारी खेती, २३१ हेक्टरमा सुन्तला जातका फलफूल, स्याउ, केरा, लिची लगायतका फलफूल, १४ हेक्टरमा चिया/कफी र २४ हेक्टरमा अलैँची खेती विस्तार गरिएको छ। साथै, पशुपन्छीतर्फ बाख्रा, बङ्गुर र  कुखुराका कुल १,६०६ व्यवस्थित खोरहरू निर्माण गरिएको छ।
- कृषि तथा पशुपन्छीजन्य उपजको गुणस्तर नियमन गर्ने उद्देश्यले तनहुँको आँबुखैरेनी र स्याङ्जाको मालुङ्गामा विषादी अवशेष द्रुत विश्लेषण प्रयोगशाला स्थापना गरी सञ्चालनमा ल्याइएको छ। प्रदेशमा भित्रिने कृषि उपज (तरकारी र फलफुल) को ४,००० भन्दा बढी नमूना परीक्षण गरी प्रतिवेदनका आधारमा आयात अनुमति दिने, निश्चित अवधि क्वारेन्टाइनमा राख्ने वा नष्ट गर्ने गरिएको छ।
- प्रदेशका प्राथमिकताप्राप्त बाली/वस्तु उत्पादन गर्ने २,००९ वटा व्यावसायिक कृषि तथा पशुपन्छी फार्म सञ्चालन तथा विस्तार गर्न अनुदान दिइएको छ। यस कार्यक्रमबाट प्रदेशलाई दुध, मासु, अण्डा तथा तरकारीजन्य बालीमा आत्मनिर्भर हुन टेवा पुगेको छ। यस आर्थिक वर्षमा थप ४१९ पशुपन्छी फार्म स्थापना तथा विस्तार गर्न सहयोग गरिने छ।
- कृषि उपजको खरिद सुनिश्चितता गर्न व्यावसायिक संस्थासँग सहकार्य गरी कृषि उपज बजारीकरणको कार्यक्रम अगाडि बढाइएको छ। नमूना कृषि गाँउ कार्यक्रमबाट हालसम्म कुल १०,००० कृषक घरपरिवार प्रत्यक्ष लाभान्वित भएका छन्।
- प्रदेशभित्र उत्पादित कृषि उपजको सुरक्षित भण्डारण र व्यवस्थित बजारीकरणका लागि स्थानीय तह,  निजी कम्पनी तथा कृषि सहकारी संस्थासँगको सहकार्यमा ७ कोल्ड स्टोर र ५९ कोल्ड रुम निर्माण गरिएको छ। यी भण्डारणमा ६,४०० मेट्रिक टन कृषिजन्य उत्पादन र २४७ मेट्रिक टन मासुजन्य उत्पादन भण्डारण गर्ने क्षमता रहेको छ। त्यसैगरी १२ वटा पशुपन्छी बजार, ४ वटा कुखुरा ह्याचिङ्ग तथा ब्रिडिङ्ग केन्द्र, ६ वटा बधशाला, ४१ वटा दुग्ध चिस्यान केन्द्र, ३४

वटा कृषि बजार केन्द्र, ४ वटा टिस्युकल्चर ल्याब, २ वटा प्रिसिजन फार्म र १९ वटा प्रशोधन केन्द्रको स्थापना र २२१ वटा फ्रेसहाउस तथा डेरी पसलको सुदृढीकरण गरिएको छ।

- उत्पादनलाई प्रशोधन र बजारीकरणसँग जोड्न कृषि क्षेत्रका १६ र पशुपन्छी क्षेत्रका ९ वटा मूल्य शृङ्खलामा आधारित उद्योग स्थापना कार्यक्रम सञ्चालन गरिएको छ।
- प्राङ्गारिक मलको प्रयोगमा वृद्धि ल्याउन २,१६० जना कृषकलाई १,१२८.८ मेट्रिक टन प्राङ्गारिक मल वितरण गरिएको छ। गोरखा, स्याङ्जा र कास्की जिल्लामा गरी चार वटा प्राङ्गारिक मल उत्पादन कारखानाको संरचना निर्माणका लागि निजी क्षेत्रलाई सहयोग गरिएको छ।
- स्याउमा आत्मनिर्भर हुने प्रदेश गौरवको आयोजना अन्तर्गत उच्च घनत्व प्रविधिमा आधारित उन्नत जातका ६७,३०० स्याउका बिरुवा आयात गरी मुस्ताङ, मनाङ र उत्तरी गोरखामा २२.५ हेक्टर क्षेत्रफलमा स्याउ बगैँचा विस्तार गरिएको छ। जसबाट वार्षिक करिब १,००० मेट्रिक टन स्याउ उत्पादन हुने प्रक्षेपण गरिएको छ। यस आर्थिक वर्षमा मुस्ताङ जिल्लामा थप ३३ हेक्टर क्षेत्रफलमा उच्च घनत्व प्रविधिमा आधारित स्याउ बगैँचा विस्तार गरिने छ।
- कृषि तथा पशुपालन व्यवसायमा हुन सक्ने जोखिम न्यूनीकरणका लागि बिमाको प्रिमियममा नेपाल सरकारले दिदैँ आएको ८० प्रतिशत अनुदानमा प्रदेश सरकारबाट थप २० प्रतिशत अनुदान उपलब्ध गराई निःशुल्क कृषि बिमा हुने व्यवस्था मिलाइएको छ। गत वर्ष यस कार्यक्रमबाट ४,००० भन्दा बढी कृषकलाई सहयोग गरिएको छ।
- दुध सङ्कलन र बजारीकरण गर्ने कृषकलाई उत्पादनमा आधारित प्रोत्साहन अनुदान उपलब्ध गराउने कार्यक्रम अन्तर्गत ९,८१७ मेट्रिक टन दुध उत्पादनका लागि सम्बन्धित सहकारी संस्था मार्फत् प्रतिलिटर दुध उत्पादनमा २.५ रुपैयाँका दरले प्रोत्साहन अनुदान उपलब्ध गराइएको छ।

## सहकारी विकास

- "**एक सहकारी, एक उत्पादन कार्यक्रम**" अन्तर्गत हालसम्म ४८ सहकारी संस्था मार्फत् दुध, तरकारी, कोदो, उखु, अलैंची उत्पादन तथा माछा, कुखुरा र बाख्रापालन जस्ता विभिन्न क्षेत्रमा उत्पादन र बजारीकरण कार्यक्रम सञ्चालन गरिएका छन्। यी कार्यक्रमबाट ४८० जना प्रत्यक्ष रूपमा लाभान्वित भएका छन्। यस आर्थिक वर्षमा १५ वटा सहकारी संस्थालाई कृषि उत्पादन प्रवर्द्धन तथा बजारीकरणमा सहयोग गरिने छ।

## भूमि व्यवस्था

- प्रदेशका ८ जिल्लाका २५ स्थानमा कुल ३,९६७ रोपनी खेतीयोग्य भूमिको चक्लाबन्दी गरिएको छ। यसले उत्पादन वृद्धि गर्न सघाउ पुऱ्याउने अपेक्षा गरिएको छ। यस आर्थिक वर्षमा विगतमा चक्लाबन्दी भएका स्थानमा यान्त्रिकीकरण प्रवर्द्धन र थप १,००० रोपनी खेतीयोग्य भूमिको चक्लाबन्दी गरिने छ।
- पर्ती जग्गा सीमाङ्कन र अभिलेखीकरण गर्न प्रदेशभित्रका सबै मालपोत र नापी कार्यालयसँग समन्वय गरी नमूनाको रूपमा प्रत्येक जिल्लाको एक/एक पालिकामा पर्ती जग्गाको सीमाङ्कन तथा अभिलेखीकरण गर्ने कार्य सुरु गरिएकोमा हालसम्म तनहुँ, कास्की, म्याग्दी र पर्वत जिल्लाका सबै स्थानीय तहमा सम्पन्न गरिसकिएको छ। स्याङ्जा जिल्ला, वालिङ क्षेत्रतर्फको पर्ती जग्गाको अभिलेखीकरण कार्य सम्पन्न गरिएको छ।
- कास्की जिल्लाका स्थानीय तहहरूको सीमाना अद्यावधिक गर्ने कार्य सम्पन्न गरिएको छ। पोखरा महानगरपालिका तथा नापी कार्यालयको समन्वयमा कित्ता नापी नक्सामा सार्वजनिक बाटो अद्यावधिक गर्ने कार्यको थालनी गरिएको छ।

## वन, भू-संरक्षण र जैविक विविधता

- प्रदेश स्थापना पश्चात् चार वर्षमा नयाँ १०९ सामुदायिक वन र ५ कबुलियती वन गठन तथा ८४८ सामुदायिक वन कार्ययोजनाको नवीकरण गरिएको छ। हाल प्रदेशभर ३,९६० सामुदायिक

वन, १,१२० कबुलियती वन, एक साझेदारी वन र एक चक्ला वन कार्ययोजना मार्फत् वनको व्यवस्थापन र उपयोग भइरहेको छ । समुदायमा आधारित वन व्यवस्थापनबाट २,८५,५६० हेक्टर वनको सघन व्यवस्थापन भइ ४,९८,२९० घरधुरी लाभान्वित भएका छन् । जसबाट करिब ८ लाख क्यु.फीट काठ तथा करिब २,००० चट्टा दाउरा उत्पादन भइ समूहको आन्तरिक माग पूर्ति हुनुको साथै बिक्री वितरणबाट रू. ३ अर्ब १७ करोडभन्दा बढीको कोष परिचालन भइआएको छ। साथै, अन्य सरकारी र निजी वनबाट कुल २४,३९,३९७ क्यु.फीट काठ ४,२३८ चट्टा दाउरा र २,००,६८० किलोग्राम जडीबुटी सङ्कलन गरी बिक्री भएको छ।

- प्रदेशभर विभिन्न प्रजातिका एकवर्षीय र बहुवर्षीय ७१,०८,२६५ बिरुवा उत्पादन गरी सार्वजनिक र निजी क्षेत्रमा वृक्षारोपणका लागि निःशुल्क रूपमा वितरण गरिएको छ।
- प्रदेशस्तरीय जडीबुटी सङ्कलन तथा प्रशोधन केन्द्र स्थापनाका लागि सम्भाव्यता अध्ययन सम्पन्न भइ लप्सी प्रशोधन, धसिङ्गे सुगन्धित तेल, बेल प्रशोधन लगायतका समुदायमा आधारित २४ वटा उद्यम स्थापनामा सहयोग गरिएको छ।
- पोखरा महानगरपालिका वडा नं.३१ को पचभैयामा प्रदेशस्तरीय प्राणी उद्यानको गुरुयोजना र विस्तृत परियोजना प्रतिवेदन तयार गरी जैविक संरचना निर्माणको काम भइरहेको छ। वन्यजन्तु उद्धार, उपचार र व्यवस्थापनको लागि वन्यजन्तु एम्बुलेन्सको व्यवस्था गरिएको छ। हाल मयूर, मृग, नीलगाई, बाज, लाटोकोसेरो, अजिङ्गर, स्याल र चितुवा लगायतका १९ प्रजातिका ५० भन्दा बढी वन्यजन्तु र पन्छीको उद्धार गरी व्यवस्थापन गरिएको छ।
- मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्लाका विभिन्न स्थानमा चार कि.मि. बढी ढलानसहितको मेस वायर फेन्सिङ निर्माण गरिएको छ। वन्यजन्तुबाट भएको आक्रमणबाट प्रभावित जनतालाई क्षतिपूर्तिबापत रू.३,७३,१२,०७६/- रकम राहत स्वरुप वितरण गरिएको छ।
- रामसारमा सूचीकृत पोखरा उपत्यकाका नौ वटा ताल, मुस्ताङको टिटी र धुम्बा ताल, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को धवाहा ताल समेत २२ तालको संरक्षण र पूर्वाधार निर्माणको काम सम्पन्न गरिएको छ।
- प्राकृतिक प्रकोपको न्यूनीकरणको लागि २०० भन्दा बढी गल्छी/पहिरो नियन्त्रण, ११०

जलाधार संरक्षण पोखरी/रनअफ हार्भेष्टिङ ड्याम, ११५ वटा पानीका मुहान संरक्षण, ३० कि.मि. सडक पाखा संरक्षण, ३० वटा संवेदनशील जलाधार क्षेत्रको संरक्षण लगायतका कार्य सम्पन्न भइ एक लाखभन्दा बढी घरधुरी लाभान्वित भएका छन् ।

- विकास र वातावरणबीच सन्तुलन कायम गर्ने उद्देश्यले पूर्वाधार निर्माणमा सहजीकरण गर्न राष्ट्रिय वनको जग्गा अन्य प्रयोजनका लागि उपलब्ध गराउने कार्यविधि बमोजिम हाइड्रोपावर, हाइटेन्सन लाइन, खानेपानी, स्वास्थ्य केन्द्र र रिसोर्ट लगायतका विभिन्न ४३ वटा आयोजनालाई ३६१.८१ हे. वन क्षेत्र उपलब्ध गराउन सिफारिस गरिएको छ ।
- प्रदेशका सबै स्थानीय तहलाई समेट्ने गरी १६८ वटा उद्यान तथा बाटिका र ६२ वटा सामुदायिक वनमा पर्यापर्यटनका कार्यहरू सञ्चालन भएका छन् । चालु आर्थिक वर्षमा थप २६ वटा हरित उद्यानहरू निर्माण भइरहेका छन् ।
- कास्कीमा रुख उन्यू र लप्सीका तीन, बागलुङमा खोटेसल्ला र गोब्रेसल्लाका दुई, म्याग्दीमा लेकचाँपको एक, तनहुँमा सिप्लीकानको एक, गोरखामा श्रीखण्डको एक, मनाङमा लौँठसल्लाको एक र स्याङ्जामा खयरको एक गरी दश वटा वन बिउ बगैँचाको स्थापना गरिएको छ ।

## उद्योग, वाणिज्य तथा आपूर्ति

- स्थापना कालदेखि हालसम्म प्रदेशमा २२,४८६ नयाँ उद्योग तथा १९,९१० नयाँ व्यापार व्यवसाय दर्ता गरिएको छ। प्रदेशमा १२,५४४ उद्योग तथा १४,७४६ व्यापार व्यवसाय नवीकरण गरिएको छ ।
- गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमबाट १२,०७५ जना नयाँ उद्यमी तयार भएका छन् । ९५४ लघु उद्यमीका लागि थप प्राविधिक सहयोग प्रदान गरिएको छ ।
- प्रदेश गौरवको आयोजनाको रूपमा रहेको पुँडीटार र नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को लोकाहा खोलामा प्रादेशिक औद्योगिक क्षेत्र स्थापनाका लागि नेपाल सरकारसँगको समन्वयमा पोखरा महानगरपालिका वडा नं. ३३ को **पुँडीटार र नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को लोकाहा खोलामा प्रादेशिक औद्योगिक क्षेत्र स्थापना**का लागि जग्गा प्राप्ति गर्न नापीसर्भेको कार्य भइरहेको छ ।

- प्रदेशभित्रको आपूर्ति व्यवस्थालाई प्रभावकारी बनाउन उपभोग्य वस्तु तथा सेवाको मूल्य, गुणस्तर कायम गर्न तथा कालोबजारी, एकाधिकार, सिन्डिकेट र कार्टेलिङ अन्त्य गर्न नियमित बजार अनुगमन गरी गुणस्तर र मूल्यमा नियमन गरिएको छ।
- उपभोक्तालाई दैनिक उपभोग्य वस्तु खरिद गर्दा अपनाउनु पर्ने सतर्कताका लागि जनचेतनामूलक अभियान सञ्चालन भइरहेको छ।
- "**एक स्थानीय तह, एक उद्योगग्राम**" अन्तर्गत घोषणा भएका २३ स्थानीय तहमा पूर्वाधार विकास तथा निर्माणको कार्य भइरहेका छन्।

## पर्यटन

- प्रदेश गौरवको आयोजनाको रूपमा रहेको **घरबास (होमस्टे) विस्तार र सुदृढीकरण आयोजना** अन्तर्गत हालसम्म ३०८ वटा होमस्टे प्रवर्द्धन गरिएको छ। उक्त कार्यक्रम अन्तर्गत विभिन्न पूर्वाधार (सामुदायिक भवन, स्वागतद्वार, सांस्कृतिक संग्रहालय, पदमार्ग आदि) निर्माण कार्य सम्पन्न भएको छ। विभिन्न जिल्लामा १०२.३१ कि.मि. पदमार्ग/पैदलमार्गको निर्माण, मर्मतसम्भार, सौन्दर्यीकरण र साइनेजको व्यवस्था गरिएको छ।
- नेपाल सरकारसँग स्रोत माग गरिएका रुपान्तरणकारी प्रदेश गौरवका आयोजनाको रूपमा रहेको **फेवाताल संरक्षण र सौन्दर्यीकरण कार्यक्रम** अन्तर्गत ८०० मिटर फुट ट्र्याक निर्माण सम्पन्न गरिएको, दुबो तथा सौन्दर्य प्रजातिका बिरुवाहरु रोपण गरिएको छ।
- प्रदेश सरकारको पहलमा पोखराबाट भैरहवा, भरतपुर, सिमरा, नेपालगञ्ज र विराटनगरलाई जोड्ने उद्देश्यका साथ नियमित हवाइ उडान भइरहेको छ।
- प्रदेशको पर्यटन प्रवर्द्धन गर्न "Glorious Gandaki" पर्यटकीय ब्राण्ड तयार गरी टेलिभिजन, एफ.एम. रेडियो, छापा र अनलाइन मिडिया मार्फत् प्रचारप्रसार गरिएको छ।
- गण्डकी प्रदेशका ११० प्रमुख पर्यटकीय गन्तव्यहरू समेटी पुस्तिका प्रकाशन गरी प्रचारप्रसार गरिएको तथा ती गन्तव्यमा पूर्वाधार निर्माण कार्य सुचारू गरिएको छ। साथै, थप नयाँ गन्तव्यको पहिचान, प्रवर्द्धन र विकास गर्ने काम भइरहेको छ।
- मधेस प्रदेशका माननीय मुख्यमन्त्री श्री लालबाबु राउतज्यू सहितको टोलीबाट गण्डकी प्रदेशको

राजधानी पोखरा लगायतका पर्यटकीय गन्तव्यहरूको भ्रमण सम्पन्न भएको छ। यसबाट अन्तर प्रदेश पर्यटन प्रवर्द्धनमा टेवा पुगेको छ।

- विश्व पर्यटन दिवस, २०२१ को अवसरमा नेपालस्थित विभिन्न विदेशी राष्ट्रका महामहिम राजदुत तथा अन्तर्राष्ट्रिय विकास साझेदार संस्थाका प्रमुख तथा प्रतिनिधिलाई पोखरा भ्रमण गराउने ऐतिहासिक कार्यक्रम सम्पन्न गरिएको छ।
- कोभिड-१९ महामारीले प्रत्यक्ष प्रभावित भएको पर्यटन क्षेत्रलाई पुनर्उत्थानका लागि गण्डकी प्रदेश सरकार र संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (UNDP) बीच Sustainable Tourism Recovery Project in Gandaki Province परियोजना कार्यान्वयनको लागि सहकार्य गर्ने निर्णय गरिएको छ।
- गण्डकी प्रदेशका मुख्यमुख्य हिमश्रृङ्खलाको प्रोफाइल निर्माण गरिएको छ। पोखराको पहिचान झल्कने गरी पोखराको ड्यामसाइडमा साइन पोष्ट निर्माण गरिएको छ।
- गण्डकी प्रदेशका पर्यटन सम्बन्धी सूचना तथा जानकारीलाई एकीकृत गर्न पर्यटन सम्बन्धी छुट्टै वेब पोर्टल (www.tourism.gandaki.gov.np) को निर्माण गरिएको छ।
- गण्डकी प्रदेशको राजधानी पोखरालाई नेपालको पर्यटकीय राजधानी घोषणा गर्नको लागि प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट निर्णय गरी नेपाल सरकारसँग स्वीकृति माग गरिएको छ।

## भौतिक पूर्वाधार

### सडक, सडक पुल तथा झोलुङ्गे पुल

- प्रदेशभित्र पक्की (कालोपत्रे/ढलान) ३८२.६५ कि.मि. र ग्राभेल ४९१.३५ कि.मि. सडक निर्माण सम्पन्न भइसकेको छ। आगामी दुई वर्षभित्र सम्पन्न गर्ने गरी ६३९.३० कि.मि. सडक कालोपत्रे गर्न र ११०.२३ कि.मि. ग्राभेल गर्न बहुवर्षीय ठेक्का सम्झौता गरी निर्माण कार्य भइरहेको छ।
- **"एक निर्वाचन क्षेत्र, एक सडक"** अन्तर्गत ४१ सडक आयोजनाको ३५०.८० कि.मि. कालो पत्रे र ३४.१३ कि.मि. ग्राभेल स्तरोन्नति गर्ने गरी कार्य भइरहेको छ।
- **प्रादेशिक 'क' वर्ग** अन्तर्गतका १० सडक आयोजनाको कुल ९०.५० कि.मि. कालोपत्रे र

२५.६० कि.मि. ग्राभेल सडकको स्तरोन्नति गर्न ठेक्का सम्झौता भइ निर्माणाधीन अवस्थामा छन् ।

- प्रदेश सरकारको गौरवको आयोजनाको रूपमा रहेको **प्रदेश सदरमुकामदेखि स्थानीय तहको केन्द्र जोड्ने** सडक निर्माण आयोजना अन्तर्गत ११ सडक आयोजनाको कुल ९७ कि.मि. कालो पत्रे सडकस्तरमा स्तरोन्नति गर्न ठेक्का सम्झौता भइ निर्माणाधीन अवस्थामा छन् ।
- सबै स्थानीय तहको केन्द्रमा सडक सञ्जाल पुर्‍याउनका लागि हालसम्म पालिकाको केन्द्रसम्म सडक नजोडिएको गोरखाको चुमनुब्री र मनाङको नार्पाभूमिका केन्द्रमा सडक सञ्जाल पुर्‍याउने लक्ष्य अनुसार विस्तृत आयोजना प्रतिवेदन तयार भइ वातावारणीय प्रभाव मूल्याङ्कन सम्बन्धी कार्य भइरहेको छ ।
- सडक पुल अन्तर्गत ४७ सडक पुलको निर्माण कार्य सम्पन्न भएका छन् । ८९ सडक पुल निर्माणाधीन र ६१ सडक पुल विस्तृत आयोजना प्रतिवेदन तयारीको प्रक्रियामा रहेका छन् ।
- झोलुङ्गे पुल अन्तर्गत ३२ पुलको निर्माण सम्पन्न भएको, ३३ वटा पुल निर्माणाधीन रहेका र १७८ पुलको विस्तृत आयोजना प्रतिवेदन तयारीको चरणमा रहेका छन् ।
- प्रदेशको लाइफलाइनको रूपमा रहेको त्रिवेणी-कोरला सडकको दुम्कीबास-त्रिवेणीखण्डको १९ कि.मि. सडक निर्माण क्षेत्र चितवन राष्ट्रिय निकुञ्ज क्षेत्रमा परेकोले हालसम्म निर्माण हुन नसकेकोमा माननीय मुख्यमन्त्रीज्यूको पहलमा वन तथा वातावारणबाट सो सडक निर्माणको लागि विस्तृत आयोजना प्रतिवेदन (DPR) तथा वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) गर्नका लागि स्वीकृति प्राप्त भएको छ । डेडगाउँ-झ्यालबास खण्डको लागि ठेक्का सम्झौता भइ कार्य अघि बढेको छ ।
- पूर्व-पश्चिम लोकमार्ग अन्तर्गतको बुटवल-नारायणगढ सडक ‘क’ खण्डको (नारायणगढ-दाउन्ने) सडक निर्माणका लागि प्रदेश सरकारबाट आवश्यक समन्वय भइरहेको छ ।

## सहरी विकास

- कुस्मा, फलेवास र पुतलीबजार नगरपालिकालाई स्याटेलाइट सिटीको रूपमा विकास गर्न विस्तृत आयोजना प्रतिवेदन तयार गरी वडा कार्यालय भवन निर्माण कार्य अगाडि बढेको छ । शुक्लागण्डकी,

मध्यनेपाल र भिमाद नगरपालिकालाई स्याटेलाइट सिटीको रूपमा विकास गर्न सम्भाव्यता अध्ययन तयार गरी मध्यनेपाल नगरपालिकामा हाल नाली निर्माणको कार्य अगाडि बढिरहेको छ।

## जनता आवास कार्यक्रम

- दलित, विपन्न, लोपोन्मुख र अति सीमान्तीकृत जाति तथा समुदायका लागि सुरक्षित आवासको व्यवस्था गर्न **जनता आवास कार्यक्रम** अन्तर्गत हालसम्म पहिचान भएका २,९०१ लाभग्राहीमध्ये १,९३५ लाभग्राहीसँग सम्झौता भएकोमा १,४०० घर निर्माण सम्पन्न भइ हस्तान्तरण गरिएको छ।

## भवन निर्माण

- कास्कीस्थित बयाली मनकामना बहुउद्देश्यीय सामुदायिक भवन, पर्वतस्थित जयमा आमा समूह, तनहुँस्थित छिम्केश्वरी सामुदायिक भवन लगायत विभिन्न जिल्लाका ४८ संघसंस्थाको भवन निर्माण र मर्मतसम्भार कार्य सम्पन्न गरिएको छ।
- प्रदेश र स्थानीय तहको सहलगानीमा ४७ स्थानमा शहीद पार्क तथा मनोरञ्जन स्थल, सार्वजनिक शौचालय र कास्कीको माछापुच्छ्रे, स्याङजाको कालीगण्डकी, पर्वतको विहादी, बागलुङको ताराखोला, म्याग्दीको मालिका र मुस्ताङको घरपझोङ गाउँपालिकामा बहुउद्देश्यीय सभाहल निर्माण गरिएको छ। अन्य आठ बहुउद्देश्यीय सभाहल निर्माणाधीन रहेका छन्।
- विभिन्न जिल्लामा ५८ प्रादेशिक सरकारी भवन निर्माण तथा मर्मत सम्भारको कार्य सम्पन्न गरिएको छ। नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को सदरमुकाम कावासोतीमा **नमूना सदरमुकाम गुरुयोजना** अन्तर्गत एकीकृत प्रादेशिक सरकारी भवन निर्माणको कार्य अघि बढेको छ। कास्कीस्थित गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको भवन निर्माण कार्य अगाडि बढेको छ।
- प्रदेश गौरवको आयोजनाको रूपमा रहेको **एकीकृत प्रदेश प्रशासनिक केन्द्र निर्माण आयोजना** अन्तर्गत एकीकृत प्रदेश प्रशासनिक केन्द्र भवन निर्माणको लागि Conceptual Design तयार भएको छ।

## यातायात व्यवस्थापन

- पोखराको पृथ्वी चोकमा ड्राइभिङ्ग परीक्षण केन्द्र निर्माण सम्पन्न भएको छ। यातायात व्यवस्था कार्यालय (लाइसेन्स) कास्कीको आफ्नै जग्गामा भवन बनाइ सेवा सुचारु गरिएको छ।
- सवारी चालक अनुमति पत्र नवीकरण तथा नयाँ सवारी दर्ता सेवा प्रदान गर्ने गरी तनहुँको डुम्रेमा यातायात व्यवस्था कार्यालय स्थापना गर्ने निर्णय भएको छ।
- प्रदेशभरका सवारी चालक अनुमतिपत्र वितरण गर्ने कार्यालयबाट राजस्व तिरेकै दिनमा परीक्षणकालीन सवारी चालक अनुमतिपत्र दिने व्यवस्था मिलाइएको छ।

## ऊर्जा विकास

- प्रदेश सरकार गठन हुँदा विद्युत्मा पहुँचप्राप्त परिवार ८२.२ प्रतिशत रहेकोमा हाल वृद्धि भइ ९२.९७ प्रतिशत पुगेको छ। बाँकी रहेका परिवारलाई विद्युत्मा पहुँच पुऱ्याउन विद्युत् विस्तार गर्ने कार्य भइरहेको छ।
- हालसम्म राष्ट्रिय प्रसारण लाइनमा नजोडिएका गोरखा, म्याग्दी, मनाङ र मुस्ताङ जिल्लाका १,२०५ घरधुरीमा प्रदेश सरकारको ७५ प्रतिशत सहुलियतमा घरेलु सौर्य ऊर्जा प्रविधि जडान गरी सोलार बत्ती बलिसकेको छ।
- हालसम्म ६९ वटा लघु जलविद्युत् आयोजनाको मर्मतसम्भार गरी जम्मा २,७६० किलोवाट विद्युत् नियमित गरिएको छ। जसबाट १२ हजार ७ सय ६५ घरधुरी लाभान्वित भएका छन्।
- मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा ४१ किलोवाट (पिक क्षमता) र भौतिक पूर्वाधार विकास मन्त्रालयमा २९ किलोवाट (पिक क्षमता) गरी ७० किलोवाट पिक क्षमताको सोलार ग्रिड टाइ प्रणाली जडान गरी नेट मिटरिङको प्रबन्ध मिलाइएको छ।
- मनाङ र मुस्ताङका जलस्रोत तथा सिँचाइ विकास सव-डिभिजन कार्यालय तथा अन्य क्षेत्रका स्वास्थ्य चौकी, विद्यालय र यातायात व्यवस्था कार्यालय, पोखरामा गरी कुल ६४ किलोवाट क्षमताको संस्थागत सौर्य ऊर्जा प्रविधि जडान सम्पन्न भएको छ।
- बाढीपहिरोका कारण क्षतिग्रस्त मनाङ जिल्लाको चामेमा सञ्चालित लघु जलविद्युत् लगायतका

विद्युत् संरचनामा ठूलो भौतिक क्षति भएको अवस्थामा जिल्लामा रहेका विभिन्न १६ वटा सरकारी कार्यालयका लागि ३०० वाट पिक क्षमताको सोलार प्यानल जडान गर्न छिटो प्रक्रियाद्वारा (विशेष परिस्थितिमा) खरिद गरी विद्युत् सेवा सुचारु गरिएको छ।

- प्रदेश सरकारको विद्युत् काठेपोल प्रतिस्थापन गर्ने नीति अनुरूप हालसम्म ३०,४८१ काठे पोललाई स्टिल पोलद्वारा प्रतिस्थापन गरिएको छ। यसबाट १ लाख ४९ हजार ४ सय ६७ जनसङ्ख्या लाभान्वित भएका छन्।
- विद्युतीय सवारी साधनलाई प्रोत्साहन गर्न नमूनाका रूपमा तनहुँ, कास्की र पर्वतमा गरी तीन वटा चार्जिङ स्टेशनको निर्माण गरिएको छ।

## खानेपानी तथा सरसफाइ

- प्रदेश सरकारले घोषणा गरेको "**एक घर-एक धारा**" कार्यक्रम अन्तर्गत हालसम्म सम्पन्न ४२२ आयोजनाबाट ८२,१७० निजी धारा जडान सम्पन्न भइ ४,२२,८९२ जनसङ्ख्या लाभान्वित भएका छन्। चालु आर्थिक वर्षको अन्त्यसम्ममा थप ४४,११२ गोटा निजी धारा जडान भइ २,४३,९३० जनसंख्या लाभान्वित हुनेछन्। हाल १,०१७ आयोजना निर्माणाधीन रहेकोमा १८५ आयोजना यसै आर्थिक वर्षमा सम्पन्न हुने लक्ष्य रहेको छ।
- प्रदेशका सबै नागरिकलाई आधारभूत खानेपानी सेवा पुऱ्याउन आधारभूत खानेपानी सेवा नपुगेका बस्ती पहिचान गरी छुट्टै १२८ खानेपानी आयोजनामध्ये ८२ वटा आयोजना सम्पन्न भइसकेको र बाँकी आयोजना सम्पन्न हुने अवस्थामा रहेका छन्। हालसम्म आधारभूतस्तरको खानेपानी पुगेको जनसङ्ख्या ९३.६३ प्रतिशत छ।
- बाढीपहिरोबाट क्षतिग्रस्त भएका र जीर्ण तथा आंशिक रूपमा सञ्चालनमा रहेका खानेपानी आयोजनाको पुनर्निर्माण र मर्मतसम्भार गर्ने कार्यलाई प्राथमिकता दिँदै १५३ आयोजनाको मर्मतसम्भार कार्य भइरहेको छ।

## सिँचाइ तथा नदी नियन्त्रण

- प्रदेश सरकारको सिँचाइ सुविधा विस्तार गर्ने नीतिअन्तर्गत स्याङ्जा जिल्लाको चापाकोटटार,

तनहुँ जिल्लाको अत्रौलीपुट्टार, पर्वत जिल्लाको फलेवास र लमजुङ जिल्लाको रम्घाटार सिँचाइ, नयाँ प्रविधिमा आधारित र भूमिगत स्यालो तथा डिप ट्यूबवेल आयोजनाको कार्यान्वयनबाट जम्मा ३,०६४ हेक्टर जमिनमा नयाँ कमाण्ड क्षेत्र विस्तार गरिएको र कृषक कुलो स्तरोन्नति तथा पुनःस्थापना सुधारबाट ९,१५३ हेक्टर जमिनमा बाह्रै महिना सिँचाइ सुविधा पुऱ्याइएको छ। हाल प्रदेश अन्तर्गतका ६०२ सिँचाइ आयोजना निर्माणाधीन अवस्थामा रहेका छन्।

- नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को उल्टिखोलामा नयाँ बाँध निर्माण गरी सिँचाइ योजना सञ्चालनमा ल्याइएको छ। पोखराको सेती नहर प्रणालीको बाँध पुनःस्थापना कार्य सम्पन्न भएको छ।
- नदी नियन्त्रण आयोजना अन्तर्गत हालसम्म ७१.७४ कि.मि. तटबन्ध निर्माण भइ बस्ती, बजार, जग्गा, भौतिक र सांस्कृतिक सम्पदाको संरक्षण भएको र २,३२९.०५ हेक्टर जग्गा उकास भएको छ। यसबाट हालसम्म सिँचाइ तथा नदी नियन्त्रणतर्फ १,०९,४३५ जनसङ्ख्या लाभान्वित भएका छन्। हाल १५८ नदी नियन्त्रणका आयोजना निर्माणाधीन रहेका छन्।

## सञ्चार तथा सूचना प्रविधि

- प्रदेश गौरवको आयोजनाको रूपमा रहेको **प्रदेश सूचना प्रविधि पार्क** स्थापनाका लागि पोखरा महानगरपालिका वडा नं. १८ जामुनबोटमा जग्गा प्राप्ति भइ विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने कार्य अन्तिम चरणमा पुगेको छ।
- पत्रकार महासंघ गण्डकी प्रदेश पोखरा तथा बागलुङ जिल्ला शाखाको भवन निर्माण गर्न प्रदेश सरकारको तर्फबाट अनुदान सहयोग उपलब्ध गराइएको छ। नवलपुर, गोरखा, लमजुङ, स्याङ्जा, म्याग्दी र पर्वत जिल्ला शाखाका भवन निर्माणको लागि चालु आर्थिक वर्षमा अनुदान दिन रकम विनियोजन गरिएको छ।
- साइबर अपराध नियन्त्रणका विषयमा काम गर्ने गण्डकी प्रदेशका प्रहरी कर्मचारीलाई साइबर अपराध न्यूनीकरणका विषयमा तालिम प्रदान गरिएको छ।
- सञ्चारग्राम स्थापनाका लागि रेडियो नेपालको नाममा रहेको पोखरा महानगरपालिका वडा नं. ५ कि.नं. ३४ को १०१ रोपनी ७ आनामध्ये उत्तरतर्फको १५ रोपनी जग्गा उपलब्ध गराउन

नेपाल सरकार समक्ष अनुरोध गरिएको छ।

- सञ्चारकर्मीको क्षमता विकासका लागि विभिन्न कार्यक्रमहरू सम्पन्न गरिएका छन्। नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) गण्डकी प्रदेश मार्फत् विभिन्न मितिमा पत्रकार क्षमता अभिवृद्धिका कार्यक्रम सम्पन्न गरिएको छ।
- आर्थिक वर्ष २०७७/७८ देखि निरन्तर रूपमा आमसञ्चार माध्यमको लागि लोककल्याणकारी विज्ञापन वितरण गर्ने कार्यक्रम सञ्चालन भइरहेको छ।

## सामाजिक क्षेत्र

### शिक्षा

- २०७८ असोज २४ गते सम्माननीय प्रधानमन्त्री श्री शेर बहादुर देउवाज्यूबाट **साक्षर गण्डकी प्रदेश** घोषणा भएको छ।
- हिमाली तथा दुर्गम क्षेत्रका विद्यार्थीको शिक्षामा पहुँच र गुणस्तर विस्तार गर्नका लागि मनाङ, म्याग्दी र मुस्ताङ जिल्लाका पाँच नमूना विद्यालयमा छात्रावास निर्माणको कार्य भइरहेको छ।
- दुर्गम र हिमाली क्षेत्रका गोरखा, मनाङ, म्याग्दी र मुस्ताङ जिल्लाका विद्यालयमा अध्ययनरत १८० जना विद्यार्थीका लागि आवासीय छात्रवृत्ति प्रदान गरिएको छ।
- ५२ सामुदायिक क्याम्पसमा कम्प्युटर प्रयोगशाला, भवन मर्मत र पुस्तकालयको व्यवस्थापन र स्तरोन्नति गर्न सहयोग गरिएको छ।
- पृथ्वीनारायण क्याम्पस , पोखरा, पश्चिमाञ्चल इन्जिनियरिङ क्याम्पस, लामाचौर, धौलागिरी क्याम्पस, बागलुङ र प्राकृतिक स्रोत व्यवस्थापन क्याम्पस गरि चार क्याम्पसका विज्ञान प्रयोगशाला र पुस्तकालयको व्यवस्थापन सुधार गरिएको छ। १० जिल्लाका ४१ वटा सार्वजनिक तथा सामुदायिक पुस्तकालयको पूर्वाधार विकास र पुस्तकालय व्यवस्थापनमा सहयोग गरिएको छ।
- सूचना प्रविधिको प्रयोगमा विशेष जोड दिँदै पूर्व प्राथमिक/ बालविकास शिक्षाका ६१७ जना सहजकर्तालाई, आधारभूत तहका १,५९९ र माध्यमिक तहका ४९६ जना शिक्षकलाई पेसागत विकास तालिम प्रदान गरिएको छ।

- प्रारम्भिक कक्षा पढाइ कार्यक्रम (Early Grade Reading Programme- EGRP) अन्तर्गत २१० जना शिक्षकका लागि क्षमता विकास तालिम प्रदान गरिएको छ । ३६० जना प्रधानाध्यापकका लागि नेतृत्व क्षमता विकास कार्यक्रम सञ्चालन गरिएको छ ।
- प्रदेश सरकारको सहयोगमा रक एण्ड टनेल इन्जिनियरिङमा स्नातकोत्तर तहको पाठ्यक्रम निर्माण भइ पश्चिमाञ्चल इन्जिनियरिङ क्याम्पस, लामाचौरमा पठनपाठन सुरुआत भएको र हाल २० जना विद्यार्थी अध्ययनरत रहेका छन् ।
- गण्डकी प्रदेश सरकार र मित्रराष्ट्र चीनको हेनान प्रान्त सरकारबीच भएको सहमति अनुसार हेनान नर्मल विश्वविद्यालयमा प्राविधिक शिक्षा अध्ययन गर्न १२ जना विद्यार्थीले छात्रवृत्ति प्राप्त गरेका छन् ।
- १७० माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला स्थापना र सञ्चालनका लागि सहयोग गरिएको छ । ४१ प्राविधिक माध्यामिक विद्यालयमा कम्प्युटर ल्याब, शैक्षिक सामग्री एवं उपकरण व्यवस्थापनमा सहयोग गरिएको छ ।
- गरिब, दलित, अल्पसङ्ख्यक समुदायका एमबिबिएस, इन्जिनियरिङ, कृषि र पशु विज्ञान क्षेत्रमा छात्रवृत्ति प्राप्त गरेका १६ जना विद्यार्थीलाई मुख्यमन्त्री उच्च शिक्षा प्रोत्साहन छात्रवृत्ति प्रदान गरिएको छ । साथै, स्नातकोत्तर तहमा अध्ययनरत १८ जना विद्यार्थीलाई प्रति विद्यार्थी ३० हजार रुपैयाँ शोधवृत्ति सहयोग प्रदान गरिएको छ ।
- प्रदेशका प्रत्येक निर्वाचन क्षेत्रमा स्वावलम्बी र राष्ट्रप्रेमी नागरिक उत्पादन गर्ने उद्देश्यले ३६ विद्यालयमा **आदर्श विद्यालय विकास कार्यक्रम** सञ्चालनमा ल्याइएको छ । ६१ बालविकास केन्द्रलाई नमूना बालविकास केन्द्रमा स्तरोन्नति गरिएको छ । स्थानीय तहको समन्वयमा सामुदायिक विद्यालयलाई खेलकुद र सङ्गीत विद्यालयका रूपमा विकास गर्न २४ विद्यालय छनौट गरी कार्यक्रम सञ्चालनमा ल्याइएको छ ।
- मदरसा/गुम्बा/गुरुकुल/आश्रम र वैकल्पिक विद्यालयबाट प्रदान गरिने शिक्षालाई मूलप्रवाहीकरण गर्न यस्ता ३७ वटा विद्यालयलाई अनुदान दिइएको छ । जसबाट ६६६ जना बालबालिका लाभान्वित भएका छन् ।
- प्रदेश गौरवको आयोजनाको रूपमा रहेको **गण्डकी विश्वविद्यालय स्थापना कार्यक्रम** अन्तर्गत

जीवनोपयोगी मूल्य मान्यतामा आधारित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्षम जनशक्ति तयार गर्ने उद्देश्यले गण्डकी विश्वविद्यालय स्थापना गरी स्नातक तहमा Information Technology, Sports Management र Pharmacy का कक्षा सञ्चालन भएका छन् ।

- गण्डकी विश्वविद्यालयको पूर्वाधार निर्माणका लागि कास्की जिल्लाको पोखरा महानगरपालिका -३२ स्थित मालेपाटन र स्यालतहरोमा ३५२ रोपनी १५ आना जग्गा र तनहुँ जिल्ला शुक्लागण्डकी नगरपालिकाको बेलचौतारामा १७५ रोपनी जग्गा प्राप्त भएको छ ।
- प्रदेश गौरवको आयोजनाको रूपमा रहेको **गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठान स्थापना कार्यक्रम** अन्तर्गत गण्डकी प्रदेशमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको स्तर निर्धारण, प्रमाणीकरण तथा बजार माग अनुरूपका मध्यमस्तरको मानव संसाधन विकास गर्ने उद्देश्यले गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठान स्थापना गरिएको छ । प्रतिष्ठानको भौतिक पूर्वाधार विकासका लागि स्याङ्जा जिल्ला फेदीखोला गाउँपालिका वडा नं. १ गुन्दुममा १४७ रोपनी २ आना जग्गा प्राप्त भएको छ। भौतिक पूर्वाधार निर्माणका लागि विस्तृत आयोजना प्रतिवेदन बनाउने र स्रोत खोज्ने कार्य भइरहेको छ ।
- प्रदेशको शैक्षिक गुणस्तरमा सुधार ल्याउन **प्रदेश प्रमुख शैक्षिक सुधार कार्यक्रम** सञ्चालनमा ल्याइएको छ ।
- विज्ञान तथा प्रविधिको क्षेत्रमा नवीनतम ज्ञान, सीप, प्रविधिको प्रयोग गरी अनुसन्धनात्मक क्रियाकलाप प्रवर्द्धन गर्न गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान स्थापना भइ सञ्चालनमा आएको छ ।
- बौद्धिक अपाङ्गता भएका बालबालिकाका लागि सुविधा सम्पन्न प्रदेशस्तरीय आवासीय विद्यालय निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन तयार भइ निर्माण कार्य आरम्भ भएको छ ।
- प्रविधिमैत्री वित्तीय साक्षरता कार्यक्रमबाट २१ सामुदायिक सिकाइ केन्द्र मार्फत् १२० कक्षा सञ्चालन गरिएको छ । उक्त कक्षाबाट ७७ पुरुष र २,३२४ महिला गरी जम्मा २,४०१ जना लाभान्वित भएका छन् ।
- कोभिड-१९ का कारण अभिभावक गुमाएका १२३ जना बालबालिकाको लालनपालन एवं पढाइ खर्चलाई निरन्तरता दिन मासिक रु. ५,०००।- का दरले रकम उपलब्ध गराइएको छ ।

- उच्च शिक्षामा अध्ययन गर्ने १६२ जना अपाङ्गता भएका विद्यार्थीका लागि छात्रवृत्ति प्रदान गरिएको छ ।
- विशेष शिक्षा प्रदान गर्ने २९ वटा विद्यालयको सुदृढीकरणबाट ४९३ जना बालबालिका लाभान्वित भएका छन् ।

## भाषा, संस्कृति तथा पुरातत्व क्षेत्र

- गण्डकी प्रदेशका भाषा, साहित्य, लोक साहित्य, संस्कृति, ललितकला, नाट्यशाला, सङ्गीतको अध्ययन अनुसन्धान गरी संरक्षण एवं संवर्द्धन गर्न गण्डकी प्रज्ञा प्रतिष्ठान स्थापना भइ सञ्चालनमा आएको छ ।
- प्रदेशभित्रका स्थानीय जातिको बाहुल्यता भएका स्थानको अध्ययन प्रतिवेदन, २०७६, प्रदेशमा प्रयोगमा रहेका ८० विभिन्न भाषाको प्रोफाइल, २०७६ तथा प्रदेशका धार्मिक सांस्कृतिक सम्पदाको प्रोफाइल तयार गरिएको छ ।
- प्रदेश सरकारको सहयोगमा नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को थारू सङ्ग्रहालय र गैंडाकोटमा रहेको आदिवासी जनजाति सङ्ग्रहालय, लमजुङको दुरा सङ्ग्रहालय, म्याग्दीको मङ्गला गाउँपालिकाको सङ्ग्रहालय, कास्कीको पोखरामा रहेको नेवाः साँस्कृतिक समाज सङ्ग्रहालय र खस आर्य सङ्ग्रहालय, स्याङ्जाको पुतलीबजारमा रहेको नेवार सङ्ग्रहालय, बागलुङको काठेखोलामा रहेको जिमाक सांस्कृतिक सङ्ग्रहालय स्थापना, स्तरोन्नति तथा पूर्वाधार निर्माण गरिएको छ ।
- प्रदेशभित्र रहेका १३८ मठमन्दिर, गुम्बा, मस्जिद लगायत धार्मिकस्थलको स्तरोन्नति तथा संरक्षण गरिएको छ ।

## लैंङ्गिक समानता तथा महिला सशक्तीकरण

- लैंङ्गिक हिंसा, मानव बेचबिखन तथा ओसारपसारबाट पीडित र प्रभावितका लागि पोखरा महानगरपालिका वडा नं. ३३ मा दीर्घकालीन पुनःस्थापना केन्द्रको पूर्वाधार निर्माण भइ सञ्चालनमा आएको छ । लैंङ्गिक हिंसा विरुद्धको निःशुल्क हटलाइन सेवा

(१६६०६१५२०१५) सञ्चालनमा ल्याइएको छ।

- सरकारी सेवामा महिलाको सहभागिता अभिवृद्धि गर्ने उद्देश्य अनुरूप प्रतियोगितात्मक परीक्षा तयारी कार्यक्रम सञ्चालनबाट २०० जना महिला लाभान्वित भएका छन्।
- स्थानीय तहसँगको समन्वयमा लैङ्गिक हिंसा, बाल विवाह, दाइजो प्रथा, जातीय भेदभाव, मानव बेचबिखन तथा ओसारपसार लगायतका कुरीति/कुप्रथा न्यूनीकरण गर्न स्थानीय तहमा अभियानमूलक कार्यक्रम सञ्चालन गरिएको छ।
- हिंसा पीडित तथा प्रभावितका लागि उद्धार, संरक्षण तथा पुनःस्थापना गर्न तनहुँ, बागलुङ, स्याङ्जा, गोरखा, लमजुङ, नवलपरासी (बर्दघाट सुस्ता पूर्व), पर्वत र म्याग्दी जिल्लामा अल्पकालीन आश्रय सहितका सेवा केन्द्र सञ्चालनमा रहेका छन्।
- प्रदेशस्तरीय तत्काल उद्धार समन्वय सञ्जाल गठन भइ उद्धार तथा पुनःस्थापनाका कार्यहरू भइरहेका छन्।
- २२ जना उद्यमी तथा श्रमिक महिला छनौट गरी प्रोत्साहन रकम उपलब्ध गराइएको छ। साथै, ६ वटा महिला सहकारी संस्था छनौट गरी प्रोत्साहन रकम उपलब्ध गराइएको छ।
- प्रदेशभित्र कार्यरत विभिन्न गैरसरकारी संस्थाको प्रोफाइल प्रकाशन गरिएको छ।

## बालबालिका

- बालअधिकारको क्षेत्रमा पैरवी गर्न सहयोग पुग्ने गरी बाल परिषद् गठन भइ क्रियाशील रहेको छ। बालबालिकाको क्षेत्रमा नीति तथा योजना तर्जुमा, स्रोत विनियोजन तथा अधिकारको संरक्षणका कार्यक्रम तयार गर्न बालबालिका स्थितिपत्र प्रकाशन गरिएको छ।
- हिंसा पीडित तथा प्रभावित बालबालिकाका लागि उद्धार, संरक्षण तथा पुनःस्थापना गर्न तनहुँ, बागलुङ, स्याङ्जा, गोरखा, लमजुङ, पर्वत र म्याग्दी जिल्लामा अल्पकालीन आश्रय सहितको सेवा केन्द्र सञ्चालनमा रहेका छन्।
- सडक बालबालिका व्यवस्थापनका लगि कास्की जिल्लास्थित अन्नपूर्ण गाउँपालिका लेवाडेमा प्रदेशस्तरीय दीर्घकालीन पुनःस्थापना केन्द्र सञ्चालनमा आएको छ।

## अपाङ्गता भएका व्यक्ति

- दृष्टिविहीन लक्षित अडियो लाइब्रेरी स्थापना तथा ५० वटा श्रव्य पुस्तक उत्पादन गरी गण्डकी नेत्रहीन संघ मार्फत् वितरण गरिएको छ।
- अपाङ्गता भएका व्यक्तिलाई सूचना, सञ्चार तथा सेवा प्रवाहमा सहज पहुँच दिलाउन शिक्षा, संस्कृति, विज्ञान, प्रविधि तथा सामाजिक विकास मन्त्रालयमा सहायता कक्ष सञ्चालन गरिएको छ।
- अपाङ्गता भएका व्यक्तिको दैनिक जीवनयापनमा सहजता ल्याउने उद्देश्य अनुरूप दृष्टिविहीन अपाङ्गता भएका ५५० जनालाई सेतो छडी र शारीरिक अपाङ्गता भएका १६६ जनालाई विभिन्न किसिमका सहायता सामग्री उपलब्ध गराइएको छ। २४ जना बहिरा अपाङ्गता भएका व्यक्तिलाई भाषिक सञ्चारमा सहजता ल्याउनको लागि साङ्केतिक भाषाको तालिम सञ्चालन गरिएको छ।
- अपाङ्गता भएका व्यक्तिलाई सीप विकास तथा स्वरोजगार कार्यक्रम सञ्चालन गरिएको छ। प्रदेशस्तरीय अपाङ्गता निर्देशन समिति गठन भइ क्रियाशील रहेको छ।

## ज्येष्ठ नागरिक

- ज्येष्ठ नागरिकको दिवा समयलाई सहज, रचनात्मक तथा सिर्जनात्मक बनाउन प्रदेशभित्र ५० वटा ज्येष्ठ नागरिक दिवा सेवा केन्द्रको पूर्वाधार निर्माण भएको छ।
- प्रदेश सरकारको सहयोगमा १६ वटा ज्येष्ठ नागरिक सेवा भवन तथा आश्रम सञ्चालन तथा सुदृढीकरणको कार्य गरिएको छ।

## सामाजिक सुरक्षा तथा संरक्षण

- आर्थिक स्रोतको अभावमा उपचार गराउन कठिन भएका २२८ जना विपन्न तथा असहाय नागरिकको उपचारका लागि सहयोग रकम उपलब्ध गराइएको छ।
- मानव सेवा आश्रम तथा सडक मानव व्यवस्थापनमा समर्पित संस्थाहरू सञ्चालनमा सहयोग गरिएको छ। कास्की, लमजुङ, गोरखा र बागलुङ जिल्लामा मानव सेवा आश्रमको भवन निर्माण

कार्य भइरहेको छ ।

- प्रदेशलाई **सडक आश्रित सहयोगापेक्षी सडक मानव मुक्त गण्डकी प्रदेश** घोषणा गरी तत्काल उद्धार र संरक्षणका कार्य भइरहेका छन् ।
- शहीद, अपाङ्गता भएका, बेपत्ता पारिएका एवं द्वन्द्वपीडित व्यक्ति तथा परिवारलाई राहत तथा पुनःस्थापना कार्यक्रम अन्तर्गत गोरखा, लमजुङ, तनहुँ, कास्की र बागलुङ जिल्लामा गोलभैंडा खेती, च्याउ खेती र बाख्रापालन तालिम सञ्चालन गरी बिउ पुँजी समेत उपलब्ध गराई स्वरोजगार बनाउने कार्यक्रम कार्यान्वयनमा ल्याइएको छ ।
- विपन्न समुदायका लागि सीपमा आधारित उद्यम प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिएको छ ।

## श्रम तथा रोजगार

- ७,०७४ जनालाई स्वरोजगारका लागि छोटो र लामो अवधिका सीपमूलक तालिम प्रदान गरिएको छ ।
- मानव बेचबिखनमा परेका तथा वैदेशिक रोजगारीमा जाने युवा लक्षित परामर्श सेवा कार्यक्रम मार्फत् ६५० जनालाई परामर्श सेवा दिइएको छ ।
- यातायात क्षेत्रमा काम गर्ने ८५० जना मजदुरलाई ट्राफिक नियम सम्बन्धी अभिमुखीकरण कार्यक्रम दिइएको छ ।
- श्रमिकको हकहितका लागि प्रदेश श्रम सल्लाहकार परिषद् गठन गरिएको छ ।
- **मुख्यमन्त्री जलवायुमैत्री नमूना कृषि गाउँ** कार्यक्रमबाट करिब २,४०० जनसङ्ख्याका लागि स्वरोजगार सिर्जना भएको छ ।
- घरेलु तथा साना उद्योग कार्यालयबाट १५,१५० जना व्यक्तिलाई विभिन्न किसिमका तालिमहरू प्रदान गरिएको छ ।
- कृषि कार्यक्रम अन्तर्गत हिमाली क्षेत्रमा विस्तार गरिएको स्याउ बगैंचा विस्तार कार्यक्रमबाट करिब ४७ जना पूर्ण रोजगार भएका छन् ।
- विभिन्न प्रकारका कृषि पूर्वाधार निर्माण कार्यबाट करिब ७०० रोजगारी सिर्जना भएको छ ।
- कृषि मोडल फार्म स्थापना कार्यक्रमबाट करिब २२०० जना स्वरोजगार भएका र करिब १४००

जनाले आंशिक रोजगारी प्राप्त गरेका छन् । यस आर्थिक वर्षमा साना व्यावसायिक फार्म स्थापना तथा विस्तार कार्यक्रमबाट करिब ४१९ जना स्वरोजगार हुने र करिब १०० जनाले आंशिक रोजगारी प्राप्त गर्ने छन् ।

- समुदायमा आधारित वन व्यवस्थापनबाट करिब २० लाख श्रमदिन बराबर, अन्य सरकारी तथा निजी वनको काठ, दाउरा तथा जडीबुटी उत्पादन र सङ्कलन कार्यबाट करिब ६० लाख श्रमदिन बराबर साथै, वन, वातावरण, भूसंरक्षण तथा जैविक विविधतासँग सम्बन्धित वार्षिक कार्यक्रम कार्यान्वयनबाट करिब ८० लाख श्रमदिन बराबरको रोजगारी सिर्जना भइ कुल १ करोड ६० लाख श्रमदिन बराबरको रोजगारी सिर्जना भएको छ ।
- प्रविधिमैत्री वित्तीय साक्षरता कार्यक्रमबाट दुई जना पुरुष र ११८ जना महिला गरी १२० जनाले छोटो अवधिको रोजगारी प्राप्त गरेका छन् ।
- विभिन्न स्तरका सडक निर्माण स्तरोन्नति तथा मर्मत, आवास, बस्तीविकास र पुनर्निर्माण कार्यक्रम कार्यान्वयनबाट हालसम्म करिब ५१ लाख ८५ हजार ६ सय श्रमदिन बराबरको रोजगारी सिर्जना भएको छ ।
- लघु जलविद्युत्, वैकल्पिक ऊर्जा उत्पादन तथा मर्मतबाट हालसम्म करिब १ लाख ५१ हजार ९ सय श्रमदिन बराबरको रोजगारी सिर्जना भएको छ ।
- प्रदेश सरकारले घोषणा गरेको एक घर-एक धारा कार्यक्रमबाट करिब २१ लाख ८८ हजार ९ सय ६४ श्रमदिन बराबरको रोजगारी सिर्जना भएको छ ।
- सिँचाइ तथा नदी नियन्त्रणतर्फ करिब २० लाख २८ हजार ९ सय २४ श्रमदिन बराबरको रोजगारी सिर्जना भएको छ ।
- एक सहकारी एक उत्पादन कार्यक्रमबाट ६८ जना कृषकहरू पूर्ण रूपमा र ९७ जनाले आंशिक रूपमा रोजगार प्राप्त गरेका छन् ।
- कोभिड-१९ का कारण बेरोजगार भएका युवालाई स्थानीय तहमा परिचालन गरी विकासको प्रक्रियामा सहभागी गराउने उद्देश्यले ४२ स्थानीय तहमा कृषि, पशु, सर्भे तथा इन्जिनियरिङ क्षेत्रमा गरी ७३ जना स्वयंसेवक परिचालन गरिएको छ ।

## युवा तथा खेलकुद

- प्रदेश खेलकुद परिषद् स्थापना गरी पोखरा रङ्गशाला परिसरमा प्रशासनिक भवन निर्माण गरी सञ्चालनमा ल्याइएको छ।
- "**एक स्थानीय तह, एक खेल मैदान**" को नीति अनुरूप ५६ गाउँपालिकामा खेल मैदान र २० नगरपालिकामा रङ्गशाला निर्माणको लागि अनुदान उपलब्ध गराइएको छ।
- प्रदेश सरकारको स्रोतबाट ८० र नेपाल सरकारबाट प्राप्त सशर्त बजेटबाट ४० वटा गरी जम्मा १२० वटा खेल पूर्वाधारको निर्माण र स्तरोन्नति गरिएको छ।
- प्रदेश गौरवको आयोजनाको रूपमा रहेको **प्रदेश क्रिकेट मैदान आयोजना** अन्तर्गत अन्तर्राष्ट्रियस्तरको क्रिकेट मैदान निर्माण गर्न पोखरा महानगरपालिका वडा नं.३३ पशुपतिघाट-भरतपोखरीमा १७७ रोपनी १४ आना जग्गा प्राप्त गरी क्रिकेट मैदान तथा तटबन्ध निर्माणको विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको छ।
- मुस्ताङ जिल्लामा अन्तर्राष्ट्रियस्तरको उच्च उचाइ खेल मैदान निर्माणका लागि जग्गाको नयाँ नाप नक्सासहित विस्तृत डिजाइन निर्माण कार्य भइरहेको छ।
- तेह्रौं दक्षिण एसियाली खेलकुदका ८ वटा प्रतियोगिता पोखरामा सम्पन्न गराउन सहयोग गरिएको साथै, पदक विजेता यस प्रदेशका ४० जना खेलाडी, ५ जना प्रशिक्षक तथा २ जना व्यवस्थापकलाई प्रशंसा पत्र र नगद पुरस्कार प्रदान गरिएको छ।
- बङ्गलादेशमा सम्पन्न एसियन सिनियर सेन्ट्रल जोन महिला भलिबल प्रतियोगितामा प्रथम स्थान हासिल गर्न सफल राष्ट्रिय टोलीमा सम्मिलित गण्डकी प्रदेशका ४ जना खेलाडीलाई नगद र प्रशंसापत्र सहित पुरस्कृत गरिएको छ।
- प्रथम मुख्यमन्त्री कप फुटबल प्रतियोगिता-२०७७ पोखरामा सम्पन्न गरिएको छ। त्यस्तै शहीद स्मारक ए डिभिजन लिगका दुई म्याच पोखरामा सम्पन्न भएका छन्।
- नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताको तयारी स्वरूप विभिन्न खेल पूर्वाधारको पहिचान तथा स्तरवृद्धि गर्ने कार्य भइरहेको छ।
- विभिन्न ४० वटा क्लब/संस्थाहरूलाई खेलकुद प्रतियोगिता सञ्चालनमा आर्थिक सहायता

गरिएको छ।

- प्रदेश सरकार मातहतका कार्यालय र स्थानीय तह मार्फत् दुई वर्षसम्म १८९ जना प्रदेश विकास स्वयंसेवकलाई परिचालन गरिएको छ। उक्त कार्यक्रम अन्तर्गत हाल ३८ जना प्रदेश विकास स्वयंसेवक परिचालित भइरहेका छन्।
- अपाङ्गता भएका युवाको लागि उद्यमशीलता विकास र परम्परागत पेसा व्यवसायमा लागेका युवालाई प्रोत्साहन गर्ने कार्यक्रम अन्तर्गत अनुदान उपलब्ध गराइएको छ।

### स्वास्थ्य

- गण्डकी प्रदेशलाई **पूर्ण खोपयुक्त प्रदेश घोषणा** गरिएको छ। साथै, प्रदेश खोप कोष स्थापना गरी हालसम्म उक्त कोषमा रु. २ करोड ७० लाख जम्मा गरिएको छ।
- प्रदेश मातहतका अस्पतालहरूमा ५२ शय्या सघन उपचार कक्ष (ICU) मा २९ थान भेन्टिलेटर जडान भएका छन्। धौलागिरी, लमजुङ, गोरखा, मध्यविन्दु र संक्रामक तथा सरुवा रोग अस्पताल कास्कीमा गरी ३१३ शय्यालाई हाइ डिपेन्डेन्सी युनिट (HDU) मा स्तरोन्नति गरिएको छ।
- बागलुङ, पर्वत, मुस्ताङ, म्याग्दी, तनहुँ, गोरखा, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्लाका अस्पतालमा मर्चरी च्याम्बर जडान भइसकेको छ।
- बागलुङ, कास्की, नवलपरासी (बर्दघाट सुस्ता पूर्व), पर्वत, म्याग्दी, स्याङ्जा, गोरखा, मुस्ताङ र लमजुङ जिल्लास्थित प्रदेश मातहतका अस्पतालमा अक्सिजन प्लान्ट जडान कार्य सम्पन्न गरी सेवा सुचारु भएको छ। मनाङ जिल्ला अस्पतालमा अक्सिजन प्लान्ट जडानको क्रममा रहेको छ। साथै, गण्डकी प्रदेशका विभिन्न सरकारी निकायमा साबिकमा २०० थान अक्सिजन सिलिन्डर रहेकोमा हाल थप गरि जम्मा २,२१८ थान अक्सिजन सिलिन्डरको व्यवस्था गरिएको छ।
- धौलागिरी अस्पताल, बेनी अस्पताल, स्याङ्जा जिल्ला अस्पताल, दमौली अस्पताल र पर्वत जिल्ला अस्पतालमा डायलाइसिस सेवा सञ्चालनमा ल्याइएको छ।
- प्रदेशभित्रका १७५ विद्यालयमा विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गरिएको छ।
- आर्थिक वर्ष २०७५/७६ देखि हालसम्म दुर्गम स्थानमा रहेका ५२ जना जटिलतायुक्त गर्भवती तथा सुत्केरी महिलालाई Air Lifting गरी सुविधासम्पन्न अस्पतालमा ल्याइ उपचार

गराइएको छ।

- बागलुङ, पर्वत, मुस्ताङ, म्याग्दी, कास्की, तनहुँ, गोरखा, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) र स्याङ्जा जिल्लाका अस्पतालमा फोहोरमैला व्यवस्थापनका लागि आवश्यक औजार/उपकरण जडान गरिएको छ।
- सवारी साधन नभएका ११ अस्पतालका लागि सवारी साधनको व्यवस्था गरिएको छ।
- संक्रामक तथा सरुवा रोग अस्पताल, लेखनाथको भवन निर्माण कार्य प्रारम्भ भएको छ। यसैगरी, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, प्रदेश जनस्वास्थ्य प्रयोगशाला, मध्यविन्दु अस्पताल, मुस्ताङ अस्पताल, मनाङ अस्पताल र पर्वत अस्पतालको भवन निर्माण कार्य सुचारू रहेको छ। साथै, स्याङ्जा अस्पताल, दमौली अस्पताल र लमजुङ अस्पताल भवन निर्माणका लागि विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको छ।
- लमजुङ सामुदायिक अस्पताललाई प्रदेश मातहतको जिल्ला अस्पतालका रूपमा सञ्चालनमा ल्याइएको छ।
- पोखरा महानगरपालिका-२६, राखीडाँडामा २५ रोपनी जग्गा प्रदेश सरकारको स्वामित्वमा ल्याई प्रादेशिक आयुर्वेदिक अस्पताल र आयुर्वेद तथा वैकल्पिक चिकित्सा सम्बन्धी औषधी उत्पादन तथा प्रशोधन केन्द्रको निर्माण प्रक्रिया अगाडि बढाइएको छ।
- धौलागिरी अस्पताल, बागलुङलाई २०० शय्यामा, पर्वत, कास्की, स्याङ्जा, मध्यविन्दु र दमौली अस्पताललाई ५० शय्यामा र मनाङ एवं मुस्ताङ जिल्ला अस्पताललाई २५ शय्यामा स्तरोन्नति गर्ने कार्य प्रारम्भ गरिएको छ।
- क्षयरोग उपचार केन्द्र, पोखरामा अत्याधुनिक BSL Level 3 Culture Lab सञ्चालनमा ल्याइ Culture Test गर्ने व्यवस्था गरिएको छ।
- प्रदेश जनस्वास्थ्य प्रयोगशालाबाट नसर्ने रोगको परीक्षण विस्तार गरी Thyroid Function test, Vitamin D, Vitamin B12, Hormone Test, Testosterone लगायत १९ प्रकारका परीक्षण हुने व्यवस्था मिलाइएको छ।
- दमौली अस्पताल, मणिपाल शिक्षण अस्पताल र गोरखा अस्पतालमा क्षयरोग परीक्षण सम्बन्धी Gene Xpert Machine थप गरी गण्डकी प्रदेशमा सात ठाउँबाट सेवा सञ्चालन भएको

छ। साथै, गोरखा अस्पतालबाट सेवा सञ्चालन हुने क्रममा रहेको छ।

- मध्यविन्दु अस्पतालको हातामा रहेको क्षयरोग उपचार केन्द्रलाई दामिन फाउन्डेसनको सहयोगमा १५ शय्याको होस्टल सहितको MDR TB उपचार केन्द्र सञ्चालनमा ल्याइएको छ।
- प्रदेश प्रवेश गर्ने नाकाहरू तनहुँको आँबुखैरेनी र स्याङ्जाको रामदीमा प्रदेश स्वास्थ्य प्रवर्द्धन तथा निगरानी केन्द्रको स्थापना गरिएको छ।
- तोकिएको मापदण्ड बमोजिम एम्बुलेन्समा पार्टिसन गर्नुका साथै GPS जडान गरी सेवा उपलब्ध गराइएको छ।
- स्वास्थ्य सेवा प्रदायक संस्थाहरूमा नियमित र पर्याप्त मात्रामा औषधी तथा उपकरण लगायतको आपूर्ति व्यवस्थापनका लागि स्वास्थ्य आपूर्ति शृङ्खला व्यवस्थापन मापदण्ड, २०७७ कार्यान्वयनमा ल्याइएको छ।
- प्रदेश सरकार मातहतका अस्पताल एवं रगत तथा रगतजन्य सेवा प्रदायक संस्थाबाट प्रदेशभित्रका नागरिकलाई निःशुल्क रूपमा रगत तथा रगतजन्य सेवा उपलब्ध गराउने व्यवस्था मिलाइएको छ।
- जनयुद्ध र जनआन्दोलनका घाइते, अपाङ्ग लगायत शहीद, बेपत्ता, घाइते र अपाङ्गता भएका परिवारका सदस्यलाई प्रदेश सरकार मातहतका अस्पतालबाट निःशुल्क स्वास्थ्य सेवा उपलब्ध गराउने व्यवस्था मिलाइएको छ।

## कोभिड–१९ व्यवस्थापन (रोकथाम तथा उपचार) विशेष कार्यक्रम

- कोभिड-१९ रोकथाम, नियन्त्रण तथा उपचार कोष स्थापना गरी अत्यावश्यक कार्यको व्यवस्थापन गरिएको छ।
- कोभिड-१९ का कारण मृत्यु भएका व्यक्तिका परिवारलाई आर्थिक सहायता स्वरुप प्रति परिवार रु. ५० हजार आर्थिक सहायता प्रदान गर्ने व्यवस्था मिलाइएको छ।
- हेल्लो डाक्टर सेवा (निःशुल्क हटलाइन नम्बर १०९२) सुचारू गरी स्वास्थ्य समस्यामा परेका र होम आइसोलेसनमा बसेका बिरामीका लागि फोन कल मार्फत् परामर्श सेवा उपलब्ध गराइएको छ। गण्डकी टेलिनर्सिङ कार्यक्रम अन्तर्गत १२५ जना नर्सिङ अधिकृतलाई

परिचालन गरी होम आइसोलेसनमा रहेका २७ हजारभन्दा बढी बिरामीलाई फलोअप तथा परामर्श सेवा दिइ आवश्यकता अनुसार अस्पताल प्रेषण गरिएको छ। साथै, हाल सो सेवा चौबीसै घण्टा सञ्चालनमा रहेको छ।

- कोभिड-१९ को सङ्क्रमण रोकथाम, प्रभावकारी नियन्त्रण तथा व्यवस्थापन गर्न उच्चस्तरीय निर्देशक समिति, व्यवस्थापन सहजीकरण समिति, समन्वय समिति र विषयगत समितिहरू गठन गरी परिचालन गरिएको छ।
- प्रदेश जनस्वास्थ्य प्रयोगशालाबाट दैनिक ८००, धौलागिरी अस्पतालबाट दैनिक २५० र मध्यविन्दु अस्पतालबाट दैनिक १८८ जनाको पि.सि.आर. परीक्षण सेवा सुचारु भएको छ।
- बन्दाबन्दीको बेलामा सर्वसाधारणलाई राहत वितरण गर्न प्रदेशबाट पोखरा महानगरलाई रु. एक करोड, प्रत्येक नगरपालिकालाई रु. दश/दश लाख र प्रत्येक गाउँपालिकालाई रु. पाँच/पाँच लाख गरी जम्मा रु. छ करोड पचास लाख अनुदान उपलब्ध गराइएको छ।
- प्रदेश सरकारको व्यवस्थापन तथा जिम्मेवारीमा १,४१३ शय्या क्षमताका ४० आइसोलेसन केन्द्र स्थापना तथा सञ्चालन गरिएको छ। उक्त आइसोलेसन केन्द्रको स्थापना, स्तरोन्नति एवं सुधारका लागि आवश्यक साधनस्रोतको व्यवस्था मिलाइएको छ।
- भ्याक्सिनको भण्डारण र वितरणका लागि पोखरामा एउटा वाक इन कुलरको व्यवस्था गरिएको र सोको वितरणका लागि फ्रिज सहितको ट्रक व्यवस्था गरिएको छ।
- जनसंख्याको दोब्बर संख्यालाई पुग्ने ४३ क्युबिक लिटर क्षमताको खोप भण्डारण गृह (Vaccine Store) निर्माण सम्पन्न भएको छ।
- कोभिड-१९ को रोकथाम तथा व्यवस्थापनको लागि ३५० जना अस्थायी दरबन्दी स्वीकृत गरी स्वास्थ्य प्राविधिक जनशक्ति करारमा भर्ना गरी सम्बन्धित निकायमा खटाइ सेवा प्रवाह हुँदै आएको छ।
- मनाङ र मुस्ताङ जिल्लाका तोकिएको उमेर समूहका बासिन्दा सबैलाई कोभिड-१९ विरुद्धको खोप लगाइ पूर्ण खोपयुक्त जिल्ला घोषणा गरिएको छ। मिति २०७८/१०/२७ सम्म गण्डकी प्रदेशका १८ वर्षमाथिको जनसङ्ख्यामध्ये १०२% (राष्ट्रिय ९०%) ले पहिलो मात्रा र ९९% (राष्ट्रिय ७४%) ले पूरा मात्रा तथा १२ देखि १७ वर्ष उमेर समूहका जम्मा जनसङ्ख्यामध्ये

९१% (राष्ट्रिय ८३%) ले पहिलो मात्रा र ५५% (राष्ट्रिय ३७%) ले पूरा मात्राको कोभिड-१९ विरुद्धको खोप प्राप्त गरेका छन् ।

- नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको सहयोगमा गण्डकी प्रदेशका १०१ स्थानमा १,०३१ आइसोलेसन शय्या, ६९ भेन्टिलेटर र २०० सघन उपचार कक्ष (ICU) सहितको शय्या छुट्याइएको छ । विगत संक्रमणको समयमा सञ्चालित आइसोलेसन केन्द्रलाई क्रियाशील बनाउने व्यवस्था मिलाइएको छ ।
- कोभिड-१९ को सम्भावित जोखिम न्यूनीकरणका लागि सबै अस्पतालमा Oxygen Pipeline सहितको Pediatric Isolation सञ्चालन गर्न Prefab भवन निर्माणार्थ मनाङ र मुस्ताङ जिल्लामा रू. ५०/५० लाख र बाँकी जिल्लाहरूमा रू. ६०/६० लाख बजेटको व्यवस्था गरिएको छ । बेनी अस्पताल, पर्वत अस्पताल र स्याङ्जा अस्पतालमा Pediatric Intensive Care Unit (PICU) स्थापना कार्य आरम्भ भएको छ ।
- कोभिड-१९ (ओमिक्रोन लगायतका भेरियण्ट) को संक्रमण दरलाई दृष्टिगत गरी सोको रोकथाम, नियन्त्रण, निदान र उपचारलाई थप प्रभावकारी र व्यवस्थित बनाउन जनचेतना अभिवृद्धि गर्ने, औषधी र उपकरण छिटोछरितो माध्यमबाट खरिद तथा आपूर्ति हुने व्यवस्था मिलाइएको छ ।
- प्रदेश अन्तर्गतका अस्पतालमा कार्यरत चिकित्सक, प्रयोगशालाकर्मी, नर्सिङ स्टाफ लगायतका स्वास्थ्यकर्मीलाई Case Management, Infection Prevention and Health Care Waste Management, Case Investigation and Contact Tracing, Pediatric ICU Management Training, Essential Critical Care Training लगायतका विषयमा विशेष तालिम दिइएको छ ।

## सुशासन

### शासकीय सुधार

- प्रदेश गौरवको आयोजनाको रूपमा रहेको **विद्युतीय सुशासन आयोजना** अन्तर्गत सार्वजनिक सेवा प्रवाहलाई छिटोछरितो, मितव्ययी, पारदर्शी र प्रभावकारी बनाइ प्रदेशलाई डिजिटल प्रदेशको रूपमा विकास गर्न **विद्युतीय गण्डकी प्रदेश (Digital Gandaki Province)** को

अवधारणापत्र स्वीकृत गरी कार्य अगाडि बढाइएको छ। विद्युतीय सुशासन गुरुयोजना अध्ययन प्रतिवेदन तयार भइसकेको छ। यस कार्यक्रम अन्तर्गत मन्त्रालय/निकाय/कार्यालयहरूको स्वीकृत वार्षिक विकास कार्यक्रमको प्रगतिको अनुगमन गर्न सफ्टवेयरमा आधारित **गण्डकी प्रदेश अनुगमन प्रणाली** लागू गरिएको छ। जनताको गुनासो सुन्न तथा पृष्ठपोषण लिइ सेवा प्रवाह र विकास आयोजनाको प्रभावकारिता अभिवृद्धि गर्न **एक्सन रुम, जनतासँग मुख्यमन्त्री कार्यक्रम र हेलो मुख्यमन्त्री कक्ष** सञ्चालन तथा व्यवस्थापन गरिएको छ। प्रदेशमा कार्यरत निजामती कर्मचारीको व्यक्तिगत अभिलेख व्यवस्थित रूपमा राख्न **Province Personnel Information System (PPIS)** सफ्टवेयर निर्माण गरी तथ्याङ्क प्रविष्टिको कार्य भइरहेको छ। यातायात व्यवस्था कार्यालय (सवारी) कास्कीबाट प्रदान गरिने सेवालाई प्रभावकारी बनाउन चालु आर्थिक वर्षमा सम्पन्न गर्ने गरी करिब ५४ लाख पेज बराबरको फाइल तथा ढड्डाहरू डिजिटाइज गरी सफ्टवेयरमा प्रविष्टि गर्ने कार्य भइरहेको छ। साथै, यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमतिपत्रको सेवालाई प्रविधिमैत्री बनाउन डाटा डिजिटाइजेशन र अन्य आवश्यक उपकरण खरिद गर्ने प्रकृयामा रहेको छ। सबै घरेलु तथा साना उद्योग कार्यालयबाट अनलाइन मार्फत् उद्योग तथा वाणिज्य दर्ता र नवीकरण सेवा प्रदान गर्ने गरी व्यवस्थापन भइरहेको छ।

- प्रदेश सरकारका योजना तथा कार्यक्रमहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न गराउन, नागरिकले पाउने सेवालाई गुणस्तरीय, विश्वसनीय, पारदर्शी, मितव्ययी, छिटोछरितो, सर्वसुलभ बनाउन तथा कार्यालयलाई चुस्त, दुरुस्त, नागरिकमैत्री, जवाफदेही र व्यवस्थित बनाउने कार्यमा प्रोत्साहित गर्न जारी गरिएको नमूना कार्यालय छनौट कार्यविधि बमोजिम **नमूना कार्यालय छनौट** गरी पुरस्कृत गरिएको छ।
- हालसम्म विभिन्न ५० ऐन र १२ नियमावली निर्माण भएका छन्। यी ऐन/नियमहरू सर्वसाधारणको पहुँचका लागि कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रालयको वेबसाइट (molcpa.gandaki.gov.np/rajpatra) मा अद्यावधिक गरी प्रकाशन गरिएको छ। यी कानूनको निर्माण भएपछि प्रदेश सरकारका कार्य जिम्मेवारीहरूलाई प्रभावकारी रूपमा सम्पादन गर्न तथा नयाँ निकाय स्थापना र सञ्चालन गर्ने कार्यमा सघाउ पुगेको छ।

- आन्तरिक पर्यटन प्रवर्द्धन तथा कर्मचारीलाई उत्प्रेरित गर्नका लागि प्रदेश सरकार मातहत कार्यरत कर्मचारीलाई बिदा पर्यटन कार्यक्रम सञ्चालन गरिएको छ।
- प्रदेश सरकार, मन्त्रिपरिषद्का सदस्यहरूका लागि आचारसंहिता बनाइ लागू गरिएको छ।
- प्रदेश मातहतका सबै मन्त्रालय, प्रदेश लोक सेवा आयोग, व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, रोजगार सूचना केन्द्र, गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठान, गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान, सामाजिक विकास कार्यालय, प्रदेश नीति तथा योजना आयोग, घरेलु तथा साना उद्योग कार्यालय, पर्यटन कार्यालय र प्रदेश खेलकुद परिषद्को संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M Survey) गरी चुस्त सेवा प्रवाहका लागि जनशक्ति व्यवस्थापन गरिएको छ। आवश्यकता अनुसार अन्य निकायको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M Survey) गरिँदै आइएको छ।
- सबै जिल्लामा सामाजिक विकास कार्यालय, कृषि ज्ञान केन्द्र र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र स्थापना गरी सेवा प्रवाहको व्यवस्था मिलाइएको छ।
- सहकारी संस्थाहरूको नियमन तथा सहकारी शिक्षा प्रवर्द्धन गर्न सहकारी रजिष्ट्रार कार्यालय स्थापना गरी सञ्चालनमा ल्याइएको छ।
- विगतमा प्रदेशका ४ जिल्लाबाट मात्र पटके रुट परमिट दिने गरिएकोमा हाल मनाङ र मुस्ताङ बाहेकका ९ जिल्लाबाट पटके रुट परमिट लिन सक्ने व्यवस्था गरिएको छ।
- यातायात व्यवस्था कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) बाट सवारी दर्ता, नामसारी, पटके दर्ता, रुट परमिट र लाइसेन्स लगायतका कामहरू सुरु गरिएको छ।

## मानव संसाधन विकास

- प्रदेश सरकार स्थापना हुँदा संघबाट स्वीकृत कार्यालय/निकायको संख्या १०९ र कर्मचारी दरबन्दी २१२८ कायम रहेकोमा हाल गण्डकी प्रदेश सरकार मातहत १२ मन्त्रालयसहित विभिन्न निकाय/कार्यालय गरी १७५ वटा निकाय/कार्यालय र ती निकायहरूमा कर्मचारीको दरबन्दी सङ्ख्या ३१७८ रहेको छ। कुल दरबन्दीमध्ये २२९५ पदपूर्ति र ८८३ दरबन्दी रिक्त रहेका छन्।
- प्रदेश लोक सेवा आयोग ऐन, २०७६ बमोजिम प्रदेश लोक सेवा आयोगलाई पूर्णता दिइएको छ। आयोगबाट हालसम्म स्थानीय र प्रदेश सेवाका गरी कुल १,३८१ विभिन्न पदका लागि

विज्ञापन भएकोमा करिब १,९५,००० दरखास्त प्राप्त भएको छ। विज्ञापन भएका केही पदको अन्तिम नतिजा प्रकाशन भई सिफारिस समेत भइसकेको छ।

- गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानबाट संघ, प्रदेश र स्थानीय तहमा कार्यरत सहायकस्तरका १७५ जना कर्मचारीलाई सेवाकालीन तालिम दिइएको छ। स्थानीय तहमा कार्यरत ३०१ जना कर्मचारीलाई सेवा प्रवेश तालिम दिइएको छ। हालसम्म जम्मा ७,३५१ जना कर्मचारी तथा जनप्रतिनिधिलाई विभिन्न विषयमा क्षमता विकास तालिम दिइएको छ।

## शान्ति सुरक्षा

- प्रदेश गौरवको आयोजनाको रूपमा रहेको प्रदेश प्रहरी तालिम केन्द्र निर्माण आयोजना अन्तर्गत ५ वटा प्रिफ्याब भवन निर्माण भएको तथा सि (C) ब्यारेक, क्वाटरगार्ड लगायतका भौतिक संरचना निर्माणाधीन रहेका छन्।
- प्रदेशका नागरिकको सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउन स्थायी भवन नभएका ११ इलाका प्रहरी कार्यालय/प्रहरी चौकी भवन निर्माण सम्पन्न भएका छन्।
- प्रदेश प्रवेश गर्ने नाकाहरूमा सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउन तनहुँको आँबुखैरेनी र स्याङ्जाको रामदीमा अस्थायी प्रहरी चौकी स्थापना गरी सञ्चालनमा ल्याइएको छ।
- प्रदेशमा आवश्यक पर्ने थप प्रहरी जनशक्तिको व्यवस्थापन गर्ने उद्देश्यका साथ गण्डकी प्रदेश दङ्गा नियन्त्रण प्रहरी गण, तनहुँमा प्रिफ्याबको अस्थायी संरचना निर्माण गरिएको छ।
- गण्डकी प्रदेश ट्राफिक प्रहरी कार्यालय, जिल्ला ट्राफिक प्रहरी कार्यालय, कास्की, इलाका प्रहरी कार्यालय, आँबुखैरेनी लगायतका प्रहरी एकाइमा भौतिक पूर्वाधार स्तरोन्नतिको कार्य गरिएको छ।
- प्रहरीको शीघ्र उपस्थिति कायम गर्न एवं ट्राफिक व्यवस्थापनलाई सहज बनाउनका लागि जिल्ला प्रहरी कार्यालय, ट्राफिक प्रहरी कार्यालय र वडा/इलाका प्रहरी कार्यालयलाई ६३ थान मोटरसाइकल र गण्डकी प्रदेश प्रहरी कार्यालयलाई आठ वटा पिकअप भ्यान र एउटा बस उपलब्ध गराइएको छ।
- प्रदेशभित्रका विशिष्ट व्यक्तिहरूको आवागमन हुने स्थान, बढी भीडभाड हुने स्थान, चोक तथा प्रदेश नाकाहरूमा सिसिटिभि जडान गरिएको छ।

## वित्तीय व्यवस्थापन

### संघबाट प्राप्त अनुदान

- समानीकरण, सशर्त, विशेष र समपूरक अनुदान बापत आर्थिक वर्ष २०७५/७६ मा जम्मा रु. ११ अर्ब ९३ करोड ७८ लाख ४९ हजार, आर्थिक वर्ष २०७६/७७ मा जम्मा रु. १५ अर्ब १० करोड ७८ लाख ३३ हजार, आर्थिक वर्ष २०७७/७८ मा जम्मा रु. १३ अर्ब ९६ करोड ८४ लाख ६० हजार र आर्थिक वर्ष २०७८/७९ को पुस मसान्तसम्म जम्मा रु. ५ अर्ब ४७ करोड ४४ लाख गरी हालसम्म जम्मा रु. ४६ अर्ब ४८ करोड ८५ लाख ४२ हजार अनुदान प्राप्त भएको छ।
- बाँडफाँट भइ प्राप्त हुने मूल्य अभिवृद्धि कर र अन्तःशुल्क बापत आर्थिक वर्ष २०७५/७६ मा रु. ६ अर्ब ९ करोड ९३ लाख ८६ हजार, आर्थिक वर्ष २०७६/७७ मा रु. ४ अर्ब ८१ करोड ७० लाख ६३ हजार, आर्थिक वर्ष २०७७/७८ मा रु. ६ अर्ब ४९ करोड ११ लाख २६ हजार र आर्थिक वर्ष २०७८/७९ को पुस मसान्तसम्म रु. ३ अर्ब ४४ करोड ५९ लाख ८२ हजार गरी सुरुदेखि हालसम्म जम्मा रु. २० अर्ब ८५ करोड ३५ लाख ५७ हजार प्राप्त भएको छ।

### आन्तरिक राजस्व सङ्कलन

- प्रदेश सरकारको आर्थिक वर्ष २०७५/७६ मा रु. २ अर्ब राजस्व सङ्कलन गर्ने लक्ष्य रहेकोमा रु. २ अर्ब ६० करोड ९९ लाख ३३ हजार सङ्कलन भएको, आर्थिक वर्ष २०७६/७७ मा रु. ३ अर्ब २७ करोड ७५ लाख राजस्व सङ्कलन गर्ने लक्ष्य रहेकोमा रु. २ अर्ब ४१ करोड ४ लाख ७६ हजार सङ्कलन भएको, आर्थिक वर्ष २०७७/७८ मा रु. ५ अर्ब ८५ लाख ६० हजार सङ्कलन गर्ने लक्ष्य रहेकोमा रु. ३ अर्ब २१ करोड २३ लाख ३३ हजार राजस्व सङ्कलन भएको र चालु आर्थिक वर्ष २०७८/७९ मा रु. ५ अर्ब ६० करोड सङ्कलन गर्ने लक्ष्य रहेकोमा पुस मसान्तसम्म रु. १ अर्ब ७६ करोड १७ लाख ७२ हजार गरी प्रदेश स्थापनाको सुरुदेखि हालसम्म जम्मा रु. ९ अर्ब ९९ करोड ४५ लाख १४ हजार राजस्व सङ्कलन भएको छ।

## स्थानीय तहलाई वित्तीय हस्तान्तरण

- वित्तीय समानीकरण, समपूरक र विशेष अनुदानतर्फ आर्थिक वर्ष २०७५/७६ मा रु. १ अर्ब १५ करोड ११ लाख विनियोजन भएकोमा रु. १ अर्ब ११ करोड ४३ लाख ७१ हजार निकासा गरिएको, आर्थिक वर्ष २०७६/७७ मा रु. १ अर्ब ८२ करोड ७८ लाख २ हजार विनियोजन भएकोमा रु. १ अर्ब ५४ करोड ८२ लाख ९ हजार निकासा गरिएको, आर्थिक वर्ष २०७७/७८ मा रु. २ अर्ब १८ करोड ९१ लाख ५१ हजार विनियोजन भएकोमा रु. १ अर्ब ७५ करोड ९६ लाख १८ हजार निकासा गरिएको र चालु आर्थिक वर्ष २०७८/७९ मा रु. १ अर्ब ९५ लाख विनियोजन भएकोमा हालसम्म रु. ९७ करोड ५० लाख निकासा गरिएको छ।

## स्थानीय तहको प्रशासकीय भवन निर्माणमा प्रदेश सरकारको साझेदारी

- प्रदेश सरकार र स्थानीय तहको साझेदारीमा ३३ वटा स्थानीय तहका प्रशासकीय भवन निर्माण कार्य सञ्चालन भइरहेको छ। उक्त निर्माणका लागि पुस मसान्तसम्म रु. ३४ करोड २६ लाख ६० हजार निकासा भइसकेको छ। ३३ मध्ये दुई वटा भवनबाट सेवा प्रवाह सुरुआत भइसकेको छ। चार वटा भवन चालु आर्थिक वर्षमा नै पूर्ण रूपमा सम्पन्न हुनेछन्।

## योजना तर्जुमा र कार्यान्वयन

- प्रदेश विकासको लक्ष्य, प्राथमिकता र रणनीतिहरू समेटिएको आधारपत्र र **प्रथम पञ्चवर्षीय योजना (आर्थिक वर्ष २०७६/७७- २०८०/८१)** तयार गरी कार्यान्वयनमा ल्याइएको छ। प्रथम पञ्चवर्षीय योजनाको मध्यमकालीन समीक्षाको तयारी भइरहेको छ।
- नेपाल सरकारले प्रतिबद्धता जनाएको संयुक्त राष्ट्रसंघीय दिगो विकासका लक्ष्यहरूलाई आन्तरिकीकरण गर्दै गण्डकी प्रदेश सरकारको सन् २०३० सम्मको दिगो विकास लक्ष्यका मार्ग चित्र समेटिएको "**दिगो विकासका लक्ष्यहरू: गण्डकी प्रदेशको आधार तथ्याङ्क प्रतिवेदन**" र "**दिगो विकास लक्ष्यको आधार वर्ष प्रतिवेदन**" प्रकाशन गरिएको छ।
- प्रदेश नीति तथा योजना आयोग र संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (UNDP) को सहकार्यमा

Digital Socio- Economic Impact Assessment of Covid- 19 in Gandaki Province सम्बन्धी अध्ययन सम्पन्न भएको छ।

- स्थानीय तहमा योजना तर्जुमा गर्न सहयोग पुग्ने गरी **स्थानीय तह योजना तर्जुमा दिग्दर्शन** तयार गरी सबै स्थानीय तहलाई उपलब्ध गराइएको छ।
- प्रदेश सरकारको सहयोगमा २६ स्थानीय तहको आवधिक योजना तर्जुमा भइसकेको र १३ स्थानीय तहको आवधिक योजना तर्जुमाको क्रममा रहेका छन्। त्यसैगरी ४ स्थानीय तहको राजस्व सुधार कार्ययोजना तयार भइसकेको र ३४ स्थानीय तहको राजस्व सुधार कार्ययोजना निर्माणको क्रममा रहेका छन्। ८५ वटै स्थानीय तहको संस्थागत स्वमूल्याङ्कन (LISA) मा सहयोग गरिएको छ।
- प्रदेश तथा स्थानीय तहका पदाधिकारी र कर्मचारीमा उत्तरदायित्व बढाउन तथा कार्यक्रममा पृष्ठपोषण दिइ प्रभावकारी कार्यान्वयन गर्न **प्रदेश तथा स्थानीय तह अनुगमन तथा मूल्यात्कन दिग्दर्शन–२०७७** स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ।
- प्रदेश बजेट र लेखा प्रणालीलाई पारदर्शी, वैज्ञानिक र विश्वसनीय बनाउन कम्प्युटर प्रविधिमा आधारित प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (Province Line Ministry Budget Information System–PLMBIS) सफ्टवेयरको प्रयोग गरिएको छ।
- प्रदेश तथा स्थानीय तहले गर्ने काम कारबाहीमा नीतिगत सामञ्जस्यता, योजना व्यवस्थापनमा रणनीतिक साझेदारी, साझा अधिकार क्षेत्रको प्रयोग, प्राकृतिक स्रोत साधनको उपयोग र बाँडफाँट सम्बन्धी विषयमा प्रदेश र स्थानीय तहबीच समन्वय कायम गर्न "**प्रदेश समन्वय परिषद्**" का चार बैठक सम्पन्न गरिएको छ।
- प्रदेश समन्वय परिषद् सहजीकरण समिति, स्थानीय तहमा योजना तर्जुमा सहजीकरण समिति र स्थानीय तहमा कानून तर्जुमा सहजीकरण समिति गठन गरी समन्वय र सहजीकरणका कार्यहरू भइरहेका छन्।
- जिल्लामा सञ्चालित विकासका कार्यक्रम अनुगमन र सहजीकरणका लागि जिल्ला समन्वय समितिलाई सहयोग प्रदान गरिएको छ।
- प्रदेश विकास समस्या समाधान समितिको बैठक गरी प्रदेश र स्थानीय तहका विकास

कार्यक्रम सञ्चालनमा देखा परेका समस्याको पहिचान र समाधानमा सहजीकरण गर्ने गरिएको छ।

- प्रदेशको तीन वर्षको मध्यमकालीन खर्च संरचना (MTEF) तयार गरिएको छ। प्रदेशस्तरीय आयोजना बैंक दिग्दर्शन तर्जुमा सम्बन्धी कार्य भइरहेको छ।
- भौगोलिक सूचना प्रणाली (Geographic Information System) को माध्यमबाट प्रदेशका आर्थिक, सामाजिक, सांस्कृतिक, पर्यटकीय तथा भौगोलिक तथ्याङ्क तयार गरिएको छ।
- कोभिड-१९ ले प्रदेश अर्थतन्त्रमा पारेको असर र त्यसबाट व्यवसायमा परेका प्रभावको बारेमा सरोकारवालाबाट पृष्ठपोषण लिइ वार्षिक विकास कार्यक्रम र बजेट निर्माणमा समावेश गरिएको छ।
- मानव संशाधन विकास सम्बन्धी अध्ययन र प्रदेशमा लगानी अनुकूल वातावरण अध्ययन प्रतिवेदन तयार भइ कार्यान्वयनको क्रममा रहेका छन्। त्यसैगरी गण्डकी प्रदेशको ऊर्जा क्षेत्रको सूचीपत्र सम्बन्धी अध्ययन, प्रदेशको वेबपोर्टल निर्माण सम्बन्धी अध्ययन, कृषि, पशुपन्छी तथा मत्स्य नमूना मोडल फार्म सम्बन्धी अध्ययन, मुख्यमन्त्री जलवायुमैत्री नमूना कृषि कार्यक्रमको अध्ययन, प्रदेशमा माटोको उर्वरा शक्तिमा सुधार गर्न बायोचार उत्पादन कारखाना स्थापना सम्बन्धी सम्भाव्यता अध्ययन, गण्डकी प्रदेशमा साधारण विषय पढाउने महाविद्यालयको प्राविधिक विषय पढाउने चाहना सम्बन्धी अध्ययन, गण्डकी प्रदेशमा अर्बुद रोग अस्पताल र प्रदेश शिक्षण अस्पताल स्थापना सम्बन्धी अध्ययन सम्पन्न भएका छन्।

## अन्तर सम्बन्धित विषय

## गरिबी निवारण

- नेपालको बहुआयामिक गरिबीको सूचकाङ्क ०.०७४ रहेकोमा यस प्रदेशको ०.०३५ रहेको छ। यसले प्रदेशमा राष्ट्रियस्तरभन्दा न्यून बहुआयामिक गरिबी रहेको देखिन्छ। साथै, सात प्रदेशमध्ये बहुआयामिक गरिबी सूचकाङ्क न्यून हुनेमा यस प्रदेश दोस्रो स्थानमा रहेको छ। नेपालमा बहुआयामिक गरिबको संख्या ४९ लाख ८० हजार (कुल जनसंख्याको १७.४ प्रतिशत) रहेको मा गण्डकी प्रदेशमा २ लाख २७ हजार (प्रदेशको कुल जनसंख्याको ९.६ प्रतिशत) रहेको छ।

## विपद् व्यवस्थापन

- माननीय मुख्यमन्त्रीज्यूको संयोजकत्वमा प्रदेश विपद् व्यवस्थापन परिषद् र आन्तरिक मामिला मन्त्रीज्यूको संयोजकत्वमा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति गठन गरिएको छ। यसले विपद्को समयमा निर्णय प्रक्रियामा शीघ्रता आइ खोज, उद्धार र राहत कार्यमा प्रभावकारिता आएको छ।
- प्रदेशको विपद् जोखिम क्षेत्रको पहिचान र वैज्ञानिक नक्साङ्कन गर्ने कार्य सम्पन्न गरिएको छ।
- यस आर्थिक वर्षमा विभिन्न जिल्लाका विपद् सम्बन्धी घटनामा परी निधन तथा बेपत्ता, घाइते र घरबास क्षति भएका परिवारलाई राहत प्रदान गर्न प्रदेश विपद् व्यवस्थापन कोषबाट रु. २ करोड ७८ लाख ९० हजार जिल्ला विपद् व्यवस्थापन कोषमा पठाइएको छ। म्याग्दी र लमजुङ जिल्लाका मनसुनजन्य विपद्बाट प्रभावितलाई निजी आवास पुनःनिर्माण तथा पुनःस्थापनाका लागि रु. ९५ लाख ८५ हजार अनुदान उपलब्ध गराइएको छ।
- मनाङ जिल्लामा मिति २०७८/२/३१ गते परेको वर्षाका कारण निजीघर पूर्ण रूपमा क्षति भइ विस्थापित ७५ घरपरिवारलाई प्रति परिवार एक लाख रुपैयाँका दरले ७५ लाख रुपैयाँ थप राहत उपलब्ध गराइएको छ।
- मनसुनजन्य विपद्बाट क्षतिग्रस्त निजी आवासलाई सुरक्षित तरिकाले मर्मत, प्रबलीकरण पुनःनिर्माण र पुनःस्थापना गर्ने कार्यमा प्रदान गरिने अनुदानलाई व्यवस्थित रूपले सञ्चालन गर्न राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट स्वीकृत अनुदान कार्यविधि, २०७७ बमोजिम लागत सहभागिताको आधारमा प्रदेश सरकारले बेहोर्नु पर्ने ३० प्रतिशत र कममा हालसम्म २,३३८ जना लाभग्राहीलाई स्थायी आवास निर्माण गर्न र निजी घडेरी खरिद गर्नको लागि पहिलो किस्ता बापतको अनुदानको रकम रु.७,०३,०५,०००/- जिल्ला विपद् व्यवस्थापन कोषमा उपलब्ध गराइएको छ।
- विपद् व्यवस्थापन सम्बन्धी उद्धार तथा राहतका सामग्रीहरू खरिद गरी प्रदेश गोदाम घरमा भण्डारण गरिएको र माग तथा आवश्यकताका आधारमा जिल्ला विपद् व्यवस्थापन समिति र सुरक्षा निकायलाई हस्तान्तरण गरिएको छ।

- प्रदेश सरकारको सहयोगमा नेपाल रेडक्रस सोसाइटी मार्फत् "**दुर्लभ रक्त समूहका व्यक्तिको पहिचान तथा सञ्जालीकरण कार्यक्रम**" बाट दुर्लभ रक्त समूहका व्यक्तिलाई सञ्जालमा आबद्ध गरिएको तथा अन्य रक्त समूहका १३४ युनिट रगत सङ्कलन गरिएको छ।
- विपद् जोखिमको पूर्व जानकारी गराउने उद्देश्यले प्रदेशका मुख्य नदी कालीगण्डकी, सेती र हर्पन खोलामा **पूर्व सूचना प्रणाली (Early Warning System)** जडान गरिएको छ। यसबाट यी नदीको तटीय क्षेत्रमा बसोबास गर्ने नागरिकलाई समयमै सूचना प्रवाह भइ सम्भावित जोखिम न्यूनीकरणमा सहयोग पुग्ने छ।
- प्रदेश सरकारको सहयोगमा नेपाली सेना, पश्चिम पृतना अड्डा विजयपुर ब्यारेक पोखरामा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलमा कार्यरत ९० जना सुरक्षाकर्मीलाई विभिन्न ५ विधामा विपद् उद्धार सम्बन्धी क्षमता अभिवृद्धि तालिम सम्पन्न गरिएको छ। विपद् व्यवस्थापनको पूर्व तयारी स्वरूप तीन सुरक्षा निकाय मार्फत् विपद्का विभिन्न नमूना अभ्यास सम्पन्न गरिएको छ।
- विपद् व्यवस्थापनलाई व्यवस्थित र प्रभावकारी बनाउने सन्दर्भमा **विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन रणनीतिक कार्ययोजना** २०७७-२०८७ तयार गरिएको छ।
- हिमाली जिल्लाका पर्यटकीय पदमार्गमा पर्यटकलाई आपतकालीन आश्रयस्थल/उद्धार केन्द्रको स्थापना गर्ने कार्यक्रम अन्तर्गत कास्कीको अन्नपूर्ण पदमार्ग, मनाङको सिगरताल मार्ग र मुस्ताङको दामोदर कुण्डमा स्थानीय तहको साझेदारीमा तीन आश्रयस्थल निर्माण गरी पदमार्गीलाई समयानुकूल आश्रय प्राप्त भइ ट्रेकिङ लगायत पर्यटन प्रवर्द्धनमा टेवा पुगेको छ।
- प्राकृतिक विपद्बाट प्रभावितका लागि तत्काल उद्धार गरी आश्रय प्रदान गर्न बागलुङमा आपतकालीन आश्रय स्थल (इमरजेन्सी सेल्टर) निर्माण गरिएको छ।
- प्रदेश आपतकालीन कार्यसञ्चालन केन्द्र (PEOC) लाई प्रभावकारी बनाउन स्तरोन्नतिको कार्य सञ्चालन भइरहेको छ।

## अन्तर्राष्ट्रिय सम्बन्ध

- मित्रराष्ट्र जनवादी गणतन्त्र चीनको हाइनान प्रान्त र गण्डकी प्रदेशबीच भगिनी सम्बन्ध स्थापना भइ द्विपक्षीय हित प्रवर्द्धनका कार्य भइरहेका छन्।

- मित्रराष्ट्र जनवादी गणतन्त्र चीनको युनान प्रान्तका गभर्नर सहितको प्रतिनिधिमण्डल तथा तिब्बत स्वशासित क्षेत्रका अध्यक्षको नेतृत्वको प्रतिनिधिमण्डल बीच पूर्व मुख्यमन्त्रीज्यूसँग भेटघाट गरी गण्डकी प्रदेशको पूर्वाधार विकासमा लगानी तथा पर्यटन प्रवर्द्धन गर्ने लगायतका द्विपक्षीय हितका सम्बन्धमा छलफल भएको थियो ।
- मित्रराष्ट्र जनवादी गणतन्त्र चीनको तिब्बत स्वशासित क्षेत्रबाट कोभिड-१९ रोकथामको लागि प्रदेश सरकारलाई पीसीआर किट, पिपिइ, एन्टी बडी किट, मनिटर, भिटिएम, सर्जिकल तथा N95 मास्क, डिजिटल थर्मोमिटर लगायतका चार करोड रुपैयाँ बराबरको स्वास्थ्य सुरक्षा सामाग्री प्राप्त भएको छ ।
- पूर्व मुख्यमन्त्रीज्यूको नेतृत्वमा उच्चस्तरीय टोलीबाट संयुक्त राज्य अमेरिकाको न्याय मन्त्रालय (DoJ) को मैत्रीपूर्ण निमन्त्रणामा अमेरिकाको संघ, राज्य, काउन्टी र नगर प्रहरीको सङ्गठन संरचना, तिनीहरूको कार्यप्रणाली र कार्यक्षेत्र तथा तिनीहरू बीचको उर्ध्वगामी (Vertical) सहयोग, सहकार्य र समन्वयका सम्बन्धमा अध्ययन गरिएको थियो । त्यसैगरी संघ, राज्य, काउन्टी र नगर प्रहरी तथा सम्बन्धित तहका सरकार र राज्य तह तथा सिटी तहको महान्यायाधिवक्ता बीचको समतलीय (Horizontal) सहयोग, सहकार्य र समन्वयका सम्बन्धमा समेत अध्ययन गरिएको थियो ।
- मित्रराष्ट्र बङ्गलादेशका महामहिम राष्ट्रपति लगायतका उच्च पदस्थ अधिकारीबाट नेपालको सुन्दर पर्यटकीय नगरी पोखराको भ्रमण सम्पन्न भइ यस प्रदेशको पर्यटन प्रवर्द्धनमा टेवा पुगेको छ ।
- भारत, चीन, जापान, संयुक्त राज्य अमेरिका, कोरिया, संयुक्त अधिराज्य, युरोपियन युनियन, स्वीजरल्याण्ड, अस्ट्रेलिया, इजरायल लगायतका विभिन्न मित्रराष्ट्रका राजदूत तथा कुटनीतिज्ञले यस प्रदेशको भ्रमण गरी द्विपक्षीय हितका विषयमा पूर्व मुख्यमन्त्रीसँग छलफल भएको थियो ।
- संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम, विश्व बैङ्क, एसियाली विकास बैङ्क, युरोपेली युनियन लगायतका बहुपक्षीय विकास साझेदार संस्थाका प्रतिनिधि तथा JICA, KOICA, DFID, SDC, USAID, NORAD लगायतका द्विपक्षीय विकास साझेदारका प्रतिनिधिको यस प्रदेशको भ्रमणका अवसरमा आपसी सहयोग अभिवृद्धि गर्ने विषयमा पूर्व मुख्यमन्त्रीसँग छलफल भएको थियो ।
- कोरोना महामारीका कारण मारमा परेको पर्यटन व्यवसायलाई उकास्न र पोखरा सुरक्षित छ भनी

अन्तर्राष्ट्रियस्तरमा प्रचारप्रसार गर्ने उद्देश्यले प्रदेश सरकारको निमन्त्रणामा अन्तर्राष्ट्रिय पर्यटन दिवस-२०२१ को अवसर पारेर जर्मनी, युएई, दक्षिण कोरिया, उत्तर कोरिया, कतार, साउदी अरेबिया, थाइल्यान्ड, बंगलादेश, इजिप्ट, मलेसिया र फिनल्यान्डका महामहिम राजदूत तथा नेपालस्थित विभिन्न कुटनीतिक नियोगका प्रतिनिधि समेतबाट पोखराको भ्रमण सम्पन्न भएको छ। यसबाट द्विपक्षीय र बहुपक्षीय सम्बन्ध विस्तार हुने अपेक्षा गरिएको छ।

- युरोपियन युनियन, दक्षिण कोरिया, इजरायल र फ्रान्स लगायतका विभिन्न मित्रराष्ट्रका राजदूत तथा कुटनीतिज्ञले यस प्रदेशको भ्रमण गरी द्विपक्षीय हितका विषयमा मुख्यमन्त्रीज्यूसँग छलफल भएको छ।
- संयुक्त राष्ट्र संघ, संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (UNDP), विश्व बैङ्क, युरोपेली युनियन लगायतका बहुपक्षीय विकास साझेदार संस्थाका प्रतिनिधिको यस प्रदेशको भ्रमणका अवसरमा आपसी सहयोग अभिवृद्धि गर्ने विषयमा मुख्यमन्त्रीज्यूसँग छलफल भएको छ।

## विविध

- प्रदेशको नाम "**गण्डकी प्रदेश**" राख्ने र प्रदेशको राजधानी "**पोखरा**" तोक्ने निर्णय गरी राजनैतिक सहमतिको सन्देश प्रवाह भएको छ।
- प्रदेश सरकार विरूद्ध हालसम्म परेका ८४ मुद्दामध्ये सर्वोच्च अदालतमा ५७, उच्च अदालत, पोखरा तथा बागलुङ इजलासमा गरी २६ र कास्की जिल्ला अदालतमा एक मुद्दा रहेका छन्। हालसम्म २३ मुद्दा फैसला भएका छन् भने ६१ मुद्दा अदालतमा विचाराधीन रहेका छन्।
- सातै प्रदेश सरकारहरू बीचको काममा एकरूपता ल्याउन र संघीयता कार्यान्वयनका विभिन्न पक्षका बारे अनुभव आदानप्रदान गर्ने अभिप्रायले मिति २०७५ भाद्र २१ गते मुख्यमन्त्रीज्यूहरूको बैठक पोखरामा सम्पन्न गरिएको छ।
- सातै प्रदेशका मुख्य न्यायाधिवक्ताहरूको काम कारबाही तथा अनुभवको आदानप्रदान गरी आम जनतामा कानूनको शासन र न्यायको प्रत्याभूति गराउने वातावरण सिर्जना गर्न प्रदेश सरकारलाई सहयोग गर्ने र मुख्य न्यायाधिवक्ताको भूमिकालाई थप रचनात्मक र क्रियाशील बनाउने जस्ता निर्णयहरू गरी मुख्य न्यायाधिवक्ताज्यूहरूको प्रथम राष्ट्रिय सम्मेलन मिति २०७५ भाद्र १५ र १६ गते पोखरामा सम्पन्न भएको छ।

## विभिन्न समिति गठन

- कालीगण्डकी नदी क्षेत्रको संरक्षण र विकासको लागि पूर्व सम्भाव्यता अध्ययन गर्न समिति गठन भइ समितिले विस्तृत अध्ययन गरिरहेको र प्रतिवेदन पेश गर्ने अन्तिम चरणमा रहेको छ।
- प्रदेश सवारी साधन भाडा दर निर्धारण सिफारिस समिति गठन भइ सो समितिको सिफारिस बमोजिम समयानुकूल भाडा दर निर्धारण गरिएको छ।
- प्रदेशमा हालसम्म बनेका कानून अध्ययन गरी संविधान, संघीय कानून तथा प्रचलित अन्य कानूनसँग अनुकूल रहे नरहेको पहिल्याइ तिनमा सुधार गर्न तथा कार्यान्वयनयोग्य बनाउन सिफारिस गर्ने उद्देश्यले माननीय कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रीज्यूको अध्यक्षतामा प्रदेश कानून पुनरावलोकन समिति गठन भइ अध्ययन भइरहेको र प्रतिवेदन पेश गर्ने अन्तिम चरणमा पुगेको छ।
- प्रदेशका विभिन्न आयोजनाको लागि प्राप्त भएका जग्गाको उपयोगको अवस्था पहिचान गर्न तथा अन्य आयोजनाका लागि जग्गा प्राप्तिका लागि अध्ययन गरी प्राप्तिको प्रक्रिया अगाडि बढाउन अध्ययन गर्ने उद्देश्यले समिति गठन भइ प्रतिवेदन तयारीको अन्तिम चरणमा पुगेको छ।
- प्रदेश सरकारका पदाधिकारी तथा कर्मचारीले प्रयोग गर्ने सवारी साधन व्यवस्थापन र परिचालन सम्बन्धी मापदण्ड तयार गरी सिफारिस गर्न गठित समितिले अध्ययन गरी तयार गरेको प्रतिवेदन प्राप्त भइसकेको छ।
- माननीय पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रीज्यूको संयोजकत्वमा पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन सहजीकरण समितिको गठन भएको र उक्त समितिले विमानस्थल शीघ्र सञ्चालनका लागि आवश्यक समन्वय र सहजीकरण गरिरहेको छ।

# अनुसूची–१

## गण्डकी प्रदेश सभाबाट जारी भएका ऐन तथा प्रदेश सरकारबाट स्वीकृत भइ लागू भएका नियमावली/गठन आदेश/नीति/कार्यविधि/निर्देशिकाको विवरण

**(क) ऐनहरूको सूची:–**

१. प्रदेशस्तरका केही सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) ऐन, २०७४
२. स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७४ (खारेज)
३. प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४
४. प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७४
५. मन्त्रीहरूको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७४
६. प्रदेश विनियोजन ऐन, २०७५ (आर्थिक वर्ष २०७४/७५)
७. स्थानीय तहको सभा सञ्चालन (कार्यविधि) ऐन, २०७५
८. प्रदेश आर्थिक कार्यविधि (पहिलो संशोधन) ऐन, २०७५ (संशोधन ऐन)
९. कर तथा गैर कर राजस्व सम्बन्धी ऐन, २०७५
१०. प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५
११. आर्थिक ऐन, २०७५
१२. विनियोजन ऐन, २०७५ (आर्थिक वर्ष २०७५/७६)
१३. प्रदेश आकस्मिक कोष ऐन, २०७५
१४. स्थानीय तहको कानून निर्माण प्रक्रिया सम्बन्धी ऐन, २०७५
१५. खोप सेवा (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०७५
१६. प्रदेश दुग्ध विकास बोर्ड ऐन, २०७५
१७. मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५
१८. केही प्रदेश कानून संशोधन गर्ने ऐन, २०७५ (संशोधन ऐन)
१९. प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५

२०. वर, पीपल, शमी र चौतारो संरक्षण ऐन, २०७५
२१. सहकारी ऐन, २०७५
२२. ताल संरक्षण तथा विकास प्राधिकरण ऐन, २०७५
२३. प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७५
२४. गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन, २०७५
२५. सुर्तीजन्य पदार्थ (नियन्त्रण तथा नियमन) गर्ने ऐन, २०७६
२६. विनियोजन ऐन, २०७६
२७. आर्थिक ऐन, २०७६
२८. प्रदेश लोक सेवा आयोग ऐन, २०७६
२९. पारिश्रमिक र सुविधा सम्बन्धी केही प्रदेश कानूनलाई संशोधन गर्ने ऐन, २०७६
३०. प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६
३१. गण्डकी विश्वविद्यालय ऐन, २०७६
३२. प्रदेश सुशासन ऐन, २०७६
३३. गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान ऐन, २०७६
३४. प्रदेश वातावरण संरक्षण ऐन, २०७६
३५. गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठान ऐन, २०७६
३६. गाँउसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७६
३७. प्रदेश लोक सेवा आयोगका पदाधिकारीको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०७६
३८. आर्थिक ऐन, २०७७
३९. विनियोजन ऐन, २०७७
४०. प्रदेश विकास समिति ऐन, २०७७
४१. प्रदेश सभा सचिवालय ऐन, २०७७
४२. गण्डकी प्रज्ञा प्रतिष्ठान ऐन, २०७६

४३. गण्डकी प्रदेश प्रहरी ऐन, २०७७

४४. प्रदेश खेलकुद विकास ऐन, २०७७

४५. प्रदेश कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७७

४६. गण्डकी प्रदेश विकास प्राधिकरण ऐन, २०७७

४७. आर्थिक ऐन, २०७८

४८. आर्थिक विनियोजन ऐन, २०७८

४९. प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७८

५०. गण्डकी प्रदेश प्राइभेट फर्म दर्ता ऐन, २०७८

## (ख) नियमहरूको सूची

१. प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४

२. प्रदेश सरकार (कार्य सम्पादन) नियमावली, २०७४

३. सहकारी नियमावली, २०७६

४. गण्डकी प्रदेश बजार अनुगमन नियमावली, २०७६

५. सार्वजनिक खरिद सम्बन्धी प्रदेश नियमावली, २०७६

६. ताल संरक्षण तथा विकास प्राधिकरण नियमावली, २०७६

७. प्रदेश विपद् व्यवस्थापन नियमावली, २०७७

८. गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान नियमावली, २०७७

९. प्रदेश सुशासन नियमावली, २०७७

१०. गण्डकी प्रदेश खेलकुद विकास निमयावली, २०७८

११. गण्डकी प्रदेश लोक सेवा आयोग निमयावली, २०७८

१२. गण्डकी प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७८

**(ग) गठन आदेशहरूको सूची**

१. अस्पताल व्यवस्थापन समिति गठन आदेश, २०७५

२. संक्रामक तथा सरुवा रोग अस्पताल (सञ्चालन तथा व्यवस्थापन समिति) गठन आदेश, २०७७

३. गण्डकी प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्यसञ्चालन) आदेश, २०७८

४. त्रिवेणी गजेन्द्रमोक्ष दिव्यधाम क्षेत्र विकास समिति (गठन) आदेश, २०७८

**(घ) नीतिहरूको सूची**

१. प्रदेश शिक्षा नीति, २०७८

२. प्रदेश स्वास्थ्य नीति, २०७८

**(ङ) कार्यविधि/निर्देशिकाहरूको सूची**

१. प्रदेश सञ्चित कोष सञ्चालन कार्यविधि, २०७५

२. ढुङ्गा, गिट्टी, बालुवा, माटो, दहत्तर-बहत्तर लगायतका प्राकृतिक स्रोतको उत्खनन्, सङ्कलन, प्रशोधन, बिक्री वितरण तथा क्रसर उद्योग व्यवस्थापन र सञ्चालन कार्यविधि, २०७५

३. विदा पर्यटन कार्यविधि, २०७६

४. सेवा करारमा प्राविधिक जनशक्ति छनौट सम्बन्धी कार्यविधि, २०७६ (भौतिक)

५. कोरोना भाइरस (कोभिड-१९) रोकथाम, नियन्त्रण तथा उपचार सम्बन्धी कार्यविधि, २०७६

६. करार सेवामा चिकित्सक वा स्वास्थ्यकर्मी छनौट सम्बन्धी कार्यविधि, २०७६

७. कोरोना भाइरस (कोभिड-१९) को रोकथाम, नियन्त्रण तथा उपचारमा संलग्न जनशक्तिका लागि जोखिम भत्ता र बिमा व्यवस्थापन कार्यविधि, २०७७

८. लघु, घरेलु तथा साना उद्यमी प्रविधि (मेसिन, उपकरण) हस्तान्तरण कार्यविधि, २०७७

९. बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७

१०. प्रदेशस्तरीय अपाङ्गता निर्देशन समिति गठन कार्यविधि, २०७७
११. प्रदेश श्रम सल्लाहकार परिषद् गठन सम्बन्धी कार्यविधि, २०७७
१२. मुख्यमन्त्री वातावरणमैत्री नमूना कृषि गाउँ कार्यक्रम सञ्चालन कार्यविधि,२०७७
१३. व्यावसायिक तथा सीपमूलक तालिम सञ्चालन कार्यविधि, २०७७
१४. सेवा करारमा प्राविधिक जनशक्ति छनौट सम्बन्धी कार्यविधि, २०७७ (कृषि)
१५. व्यवसाय जीवन रक्षा कोष (सञ्चालन) कार्यविधि, २०७७
१६. प्रदेश निजामती सेवा पुरस्कार सम्बन्धी कार्यविधि, २०७७
१७. प्रदेश गोदामघर सञ्चालन कार्यविधि, २०७७
१८. वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०७८
१९. नमूना कार्यालय छनौट कार्यविधि, २०७८
२०. प्रदेश विकास स्वयंसेवक परिचालन कार्यविधि, २०७८
२१. गण्डकी प्रदेश प्रमुख शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८
२२. विशिष्ट व्यक्ति सम्मान गर्ने सम्बन्धी कार्यविधि, २०७८
२३. सेवा करारमा प्राविधिक जनशक्ति छनौट सम्बन्धी कार्यविधि, २०७८ (ऊर्जा)
२४. रगत तथा रगतजन्य सेवा निःशुल्क व्यवस्थापन कार्यविधि, २०७८
२५. सार्वजनिक निकायको औपचारिक बैठक तथा समारोह सञ्चालन निर्देशिका, २०७६
२६. सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण निर्देशिका, २०७७
२७. सामाजिक उत्तरदायित्व प्रवर्द्धन निर्देशिका, २०७७
२८. लैंगिक समानता तथा सामाजिक समावेशीकरण निर्देशिका, २०७७
२९. विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने सम्बन्धी मार्गदर्शन, २०७७
३०. नीति तथा कार्यक्रम सम्बन्धी अनुगमन तथा मूल्याङ्कन निर्देशिका, २०७८

# अनुसूची–२

## गण्डकी प्रदेश सरकार अन्तर्गतका कार्यालय, कर्मचारी दरबन्दी र पदपूर्तिको अवस्था

| सि.नं. | मन्त्रालय | मातहत निकाय सङ्ख्या | कूल दर बन्दी सङ्ख्या | पदपूर्ति स्थिति | | | रिक्त पद सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | स्थायी | करार | जम्मा | | |
| १ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय | १ | ६० | २४ | १७ | ४१ | १९ | |
| २ | अर्थ मन्त्रालय | २ | ५७ | ३३ | १६ | ४९ | ८ | |
| ३ | आन्तरिक मामिला मन्त्रालय | १ | २० | ७ | - | ७ | १३ | |
| ४ | भौतिक पूर्वाधार, सहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय | १९ | ३४९ | १७४ | १४० | ३१४ | ३५ | |
| ५ | कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रालय | १ | २९ | १४ | ८ | २२ | ७ | |
| ६ | भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय | ३५ | ४५१ | २४७ | ११३ | ३६० | ९१ | |
| ७ | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय | २० | २४५ | ६८ | ५८ | १२६ | ११९ | |
| ८ | पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | १४ | १५७ | ५९ | ४९ | १०८ | ४९ | |
| ९ | युवा तथा खेलकुद मन्त्रालय | २ | ४० | ११ | ६ | १७ | २३ | |
| १० | वन, वातावरण तथा भूसंरक्षण मन्त्रालय | १७ | ६६२ | ३४९ | ७८ | ४२७ | २३५ | |
| ११ | ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय | १७ | २५० | १८७ | ४३ | २३० | २० | |
| १२ | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | ४० | ७२६ | ३४६ | १६४ | ५१० | २१६ | |
| १३ | प्रदेश सभा सचिवालय | १ | २९ | १४ | ९ | २३ | ६ | |
| १४ | मुख्य न्यायाधिवक्ताको कार्यालय | १ | ११ | ४ | ४ | ८ | ३ | |
| १५ | प्रदेश नीति तथा योजना आयोग | १ | २३ | ६ | ९ | १५ | ८ | |
| १६ | प्रदेश लोक सेवा आयोग | १ | ४९ | २० | १२ | ३२ | १७ | |
| १७ | गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान | १ | २० | ३ | ३ | ६ | १४ | |
| १८ | गण्डकी विश्वविद्यालय | १ | - | - | - | - | - | |
| | **जम्मा** | **१७५** | **३१७८** | **१५६६** | **७२९** | **२२९५** | **८८३** | |

# अनुसूची–३

## गण्डकी प्रदेशका मन्त्रालय/आयोग/प्रतिष्ठान/निर्देशनालय/प्रदेश स्तरका निकायको विवरण

| क्र.स. | मन्त्रालय/निकाय | फोन नं. | वेबसाइट | इमेल |
|---|---|---|---|---|
| १ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ०६१-४६७६४८, ६६४, ६६५, ८५१ | ocmcm.gandaki.gov.np | ocmcm@gandaki.gov.np, ocmcm.gandaki@gmail.com |
| २ | अर्थ मन्त्रालय | ०६१-४६७९३० | mof.gandaki.gov.np | mof@gandaki.gov.np |
| ३ | आन्तरिक मामिला मन्त्रालय | ०६१-४६७६८३ | | ocmcm.gandaki@gmail.com |
| ४ | भौतिक पूर्वाधार, सहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय | ०६१-४६५५३६ | mopid.gandaki.gov.np | mopid@gandaki.gov.np |
| ५ | कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रालय | ०६१-४६७७३३ | molcpa.gandaki.gov.np | molcpa.gandaki@gmail.com |
| ६ | भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय | ०६१-४६७८८५ | molmac.gandaki.gov.np | molmacprovince4@gmail.com |
| ७ | शिक्षा,संस्कृति, विज्ञान, प्रविधि तथा सामाजिक विकास मन्त्रालय | ०६१-४६७८२७, ५९०२४१, २४२, २४७ | mosd.gandaki.gov.np | ministrysocialdevpkr@gmail.com |
| ८ | पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | ०६१-५३७९८२, ५३८१३५, २५८ | motics.gandaki.gov.np | moticsgandaki@gmail.com |
| ९ | युवा तथा खेलकुद मन्त्रालय | ०६१-५९०२४२ | moys.gandaki.gov.np | moys.gandaki@gmail.com |
| १० | वन, वातावरण तथा भूसंरक्षण मन्त्रालय | ०६१-५९०३०४ | moitfe.gandaki.gov.np | moitfe4@gmail.com |
| ११ | ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय | ०६१-४६०७७१, ८३२, ८३३ | moewrws.gandaki.gov.np | moewrws.gandaki@gmail.com |
| १२ | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | ०६१-५३५०९५ | mohp.gandaki.gov.np | mohp.gandaki@gmail.com |
| १३ | प्रदेश सभा सचिवालय | ०६१-५२०८००, ५३२८७५ | pradeshsabha.gandaki.gov.np | gandakiprovince@gmail.com |
| १४ | प्रदेश नीति तथा योजना आयोग | ०६१-४६४८४१ | ppc.gandaki.gov.np | pppcgandaki@gmail.com |

| | | | | |
|---|---|---|---|---|
| १५ | मुख्य न्यायाधिवक्ताको कार्यालय | ०६१-४६७७५३, ७५४ | oca.gandaki.gov.np | info@oca.gandaki.gov.np, chiefattorney4@gmail.com |
| १६ | प्रदेश लेखा नियन्त्रक कार्यालय | ०६१-४६७८०८, ८०९, ७४९ | pfco.gandaki.gov.np | pfcogandaki@gmail.com |
| १७ | उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय | ०६१-४६८०१९ | iccrpd.gandaki.gov.np | iccrdpokhara@gmail.com |
| १८ | पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | ०६१-५२०४५४, ५२७५८५, ५२८८२४ | dlfd.gandaki.gov.np | dlfd.gandaki@gmail.com |
| १९ | कृषि विकास निर्देशनालय | ०६१-५२०२६३, २७३ | add.gandaki.gov.np | addgandakipradesh@gmail.com |
| २० | कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र | ०६१-५२५४४८ | abpstc.gandaki.gov.np/ | info@abpstc.gandaki.gov.np |
| २१ | स्वास्थ्य निर्देशनालय | ०६१-५५०३९० | hd.gandaki.gov.np | hd.gandaki@gmail.com |
| २२ | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र | ०६१-५३६२५४, २५५ | phsmc.gandaki.gov.np | phlmcgandaki2076@gmail.com |
| २३ | स्वास्थ्य तालिम केन्द्र | ०६१-५२३१०९, ५२०३९६ | htc.gandaki.gov.np | gandakihtc2075@gmail.com |
| २४ | शिक्षा विकास निर्देशनालय | ०६१-४६३१०४, ४६५०९६ | edd.gandaki.gov.np | edd.gandaki@gmail.com |
| २५ | प्रदेश वन निर्देशनालय | ०६१-५२०३०५ | dof.gandaki.gov.np | wrfdpkr@gmail.com |
| २६ | पूर्वाधार विकास निर्देशनालय | ०६१-४६५१०६ | idd.gandaki.gov.np | tid.pokhara@gmail.com, idd@gandaki.gov.np |
| २७ | गण्डकी विश्वविद्यालय | ०६१-४६०२४९ | gandakiuniversity.edu.np | info@gandakiuniversity.edu.np |
| २८ | गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान | ०६१-५२१०८० | gpta.gandaki.gov.np | academy.gandaki@gmail.com |
| २९ | प्रदेश लोक सेवा आयोग | ०६१-४६७८७३ | ppscgandaki.gov.np | gandakipsc2076@gmail.com |
| ३० | गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठान | ९८५६०६७३७७ | gtevta.org.np | gandakitevta@gmail.com |
| ३१ | गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान | ९८५६०८६४८६ | gpast.gandaki.gov.np | info.gpast@gandaki.gov.np, director.gpast@gandaki.gov.np |
| ३२ | गण्डकी प्रदेश प्रज्ञा प्रतिष्ठान | ९८५६०२५१९७, ९८४६०२०७८९, ९८४६११९९५५ | gandakiacademy.gov.np | gandakiacademy2@gmail.com info@gandakiacademy.gov.np |

# अनुसूची–४

## आर्थिक वर्ष २०७५/७६ देखि २०७७/७८ सम्म र २०७८/७९ को पौषसम्मको आन्तरिक राजस्वको लक्ष्य तथा प्राप्ति

(रकम रु. हजारमा)

| राजस्व शीर्षक नं | शीर्षक | २०७५/७६ प्राप्ति | २०७६/७७ प्राप्ति | २०७७/७८ प्राप्ति | २०७८/७९ को वार्षिक लक्ष्य | पौषसम्मको प्राप्ति | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| ११११४ | कृषि आयमा कर | - | - | - | २०० | - | ० |
| ११३१५ | घर जग्गा लगायतको रजिष्ट्रेशन दस्तुर | ४३६२६६ | ५७२४२९ | ६९५,९११ | ६००,००० | ३४४५८२ | ५७.४३ |
| ११४५१ | सवारी साधन कर पटके | ५६७२ | ६५० | - | ९००० | - | ० |
| ११४७१ | मनोरन्जन कर | ११२३ | १३९० | | ३००० | - | ० |
| ११४७२ | विज्ञापन कर | ३९५२ | ३५२१ | १५ | ४००० | ३४३ | ८.५८ |
| ११६१२ | एजेन्सी रजिष्ट्रेशन | ९४४७ | - | - | ९००० | - | ० |
| ११६१३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर तथा व्यवसाय कर | - | १९५९७ | - | - | - | अनुमान नगरिएको |
| १४११९ | अन्य निकायबाट प्राप्त ब्याज | - | - | १ | २० | - | ० |
| १४१५१ | सरकारी सम्पत्तिको बहालबाट | - | ११९६ | १४४६ | ५००० | २४८ | ४.९६ |
| १४१५७ | दहत्तर/बहत्तर | - | १०४९६८ | २२३८२९ | ६००००० | ३८११७ | ६.३५ |
| १४१७१ | वन रोयल्टी | - | १२४० | - | - | - | - |
| १४१७८ | सवारी साधन कर | - | २०७०३ | - | - | - | अनुमान नगरिएको |
| १४१९१ | पर्यटन शुल्क | २० | ४६ | ० | २०० | ० | ० |
| १४१९२ | पदयात्रा | | १४०४ | ५५१ | १८०० | २४३ | १३.५ |
| १४२११ | कृषि उत्पादनको बिक्रिबाट | २०७ | ४०९ | ४९८ | ४०० | २५५ | ६३.७५ |
| १४२१२ | सरकारी सम्पत्तिको बिक्रि | - | ७४० | १५४२ | ६००० | १४१ | २.३५ |
| १४२१३ | अन्य बिक्रीबाट प्राप्त गैरकर | - | ३३६ | १२८२ | २५०० | १७९ | ७.१६ |
| १४२१७ | नहर तथा कुलो उपयोग बापतको शुल्क | - | ६४८ | - | - | - | अनुमान नगरिएको |
| १४२१८ | विद्युत् सेवा शुल्क | - | - | ७ | ५० | - | ० |
| १४२१९ | अन्य सेवा शुल्क बिक्री | १४१८ | १९७७ | | २००० | ३४६६ | १७३.३ |
| १४२२३ | शिक्षाक्षेत्रको आम्दानी | २९२ | ९३२ | ७६६ | २४४० | ३१७ | १२.९९ |
| १४२२४ | परिक्षा शुल्क | - | ८६२ | २६५० | १२००० | ४३१४९ | ३५९.५८ |
| १४२२५ | यातायात क्षेत्रको आम्दानी | ६११६६ | ३७२४१ | ४६९६८ | ९०००० | ४०४४४ | ४४.९४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १४२२९ | अन्य प्रशासनिक सेवाशुल्क | १५०८५५ | १९४१८८ | ३४०२८७ | ८५०००० | १७८४१५ | २०.९९ |
| १४२५३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | ८५८९१ | ६१५५३ | ८१५५४ | २५०००० | ३७७१७ | १५.०९ |
| १४२५६ | चालक अनुमति पत्र | २८३११४ | २४९३७२ | २४६५०६ | ३५१००० | १७८१७३ | ५०.७६ |
| १४२६४ | वन क्षेत्रको अन्य आय | - | २० | ५६० | ५०००० | - | ०.० |
| १४३११ | न्यायिक दण्ड जरिवाना र जफत | - | १५ | २ | २० | ०.१ | ०.५ |
| १४३१२ | प्रशासनिक दण्ड जरिवाना | - | ५१२८५ | ५१९९३ | २००००० | ११८५५ | ५.९३ |
| १४३१३ | धरौटी सदरस्याहा | - | ११७ | २२० | १०० | - | ० |
| १४५२९ | अन्य राजस्व | ५७६०९२ | २४८ | ३६०० | ४९०० | १५८५ | ३२.३५ |
| १५१११ | बेरुजु | ७२३९ | २८३६२ | ७६२८५ | ९२१३७० | २२६९६ | २.४६ |
| १५११२ | निकासा फिर्ता | - | २९०८ | १५६६९ | ४०००० | १८७९७ | ४७.० |
| १५११३ | अनुदान फिर्ता | - | ३६१०४ | ४१५०१ | ८५००० | ६५७२७ | ७७.३३ |
| ३३३४१ | सवारी साधन कर | ९८७१७९ | १०१६०१५ | १३७८६९० | १५०००००० | ७७५३२३ | ५१.६९ |
| | **कुल जम्मा** | २६०९९३३ | २४१०४७६ | ३२१२३३३ | ५६००००० | १७६१७७२ | ३१.४६ |
| ३२१२१ | **गत वर्षको नगद मौज्दात** | ८२९९२५ | ६८५७६७५ | ५८७५४१९ | २१००००० | २६०७०३८ | १२४.१४ |

## आर्थिक वर्ष २०७५/७६ देखि २०७७/७८ सम्म र २०७८/७९ को पौषसम्मको अनुदानको लक्ष्य तथा प्राप्ति

**(रकम रु हजारमा)**

| **राजस्व शीर्षक नं** | **राजस्व शीर्षक** | **२०७५/७६ प्राप्ति** | **२०७६/७७ प्राप्ति** | **२०७७/७८ को प्राप्ति** | **२०७८/७९को वार्षिक लक्ष्य** | **पौषसम्मको प्राप्ति** | **प्रतिशत** |
|---|---|---|---|---|---|---|---|
| १३३११ | समानीकरण अनुदान | ६७७६७०० | ७११२२०० | ७११२६०० | ७४२२८०० | ३७११४०० | ५० |
| १३३१२ | सशर्त अनुदान चालु | ४८५६६४९ | ६०२४०३३ | ४८१६९६० | ४१८४३०० | १२८८८०० | ३०.८० |
| १३३१४ | विशेष अनुदान चालु | १८२३०० | ८६०००० | ५४०००० | ५४९००० | १८३००० | ३३.३३ |
| १३३१६ | समपुरक अनुदान चालु | १२२२०० | ११११६०० | १४९८९०० | ८७३६०० | २९१२०० | ३३.३३ |
| **जम्मा** | | ११९३७८४९ | १५१०७८३३ | १३९६८४६० | १३०२९७०० | ५४७४४०० | ४२.०१ |

## आर्थिक वर्ष २०७५/७६ देखि २०७७/७८ र २०७८/७९ को पौषसम्मको मु.अ.कर र अन्तशुल्कको अवस्था

(रकम रु हजारमा)

| राजस्व शीर्षक नं | राजस्व शीर्षक | २०७५/७६ प्राप्ति | २०७६/७७ प्राप्ति | २०७७/७८ को प्राप्ति | २०७८/७९को वार्षिक लक्ष्य | पौषसम्मको प्राप्ति | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| ११४११ | बाँडफाँट भइ प्राप्त हुने मु.अ.कर | ४९०९७७२ | ३७१२३६१ | ५०३३९४७ | ५७२०२५० | २६६२४१८ | ४६.५४ |
| ११४२१ | बाँडफाँट भइ प्राप्त हुने अन्तशुल्क | ११८९६१४ | ११०४७०२ | १४५७१७९ | १९०६७५० | ७८३५६४ | ४१.०९ |
| **जम्मा** | | ६०९९३८६ | ४८१७०६३ | ६४९११२६ | ७६२७००० | ३४४५९८२ | ४५.१८ |

## आर्थिक वर्ष २०७५/७६ देखि २०७७/७८ सम्म र २०७८/७९ को पौषसम्मको रोयल्टी बाँडफाँटको अवस्था

(रकम रु हजारमा)

| राजस्व शीर्षक नं | राजस्व शीर्षक | २०७५/७६ प्राप्ति | २०७६/७७ प्राप्ति | २०७७/७८ को प्राप्ति | २०७८/७९को वार्षिक लक्ष्य | पौषसम्मको प्राप्ति | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १४१५३ | बाँडफाँट भइ प्राप्त वन रोयल्टी | | १५०००० | ६०९६२ | १६२०९ | १७०८३ | १०५.३९ |
| १४१५४ | बाँडफाँट भइ प्राप्त खानी तथा खनिज सम्बन्धी रोयल्टी | | १०००० | ४२७ | ११२९ | ७८० | ६९.०९ |
| १४१५५ | बाँडफाँट भइ प्राप्त जलस्रोत सम्बन्धी रोयल्टी | - | १०००० | - | - | - | अनुमान नगरिएको |
| १४१५६ | बाँडफाँट भइ प्राप्त विद्युत सम्बन्धी रोयल्टी | | ११५८८९ | २३४१६२ | २५६५५१ | २२८५१९ | ८९.०७ |
| १४१५८ | बाँडफाँट भइ प्राप्त पर्वतारोहण बापतको रोयल्टी | | - | ११२०२ | २६१११ | ५५०४ | २१.०८ |
| **जम्मा** | | - | २८५८८९ | ३०६७५३ | ३००००० | २५१८८६ | ८४.० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **प्रदेश सञ्चित कोषमा दाखिल (सवारी साधन बाँडफाँट तथा ऋण बाहेक)** | - | - | २९८५४०९१ | २८६५६७०० | १३५४१०७८ | ४७.२५ |

# अनुसूची–५
# प्रदेश गौरवका आयोजनाहरू

| क्र.सं | आयोजनाको नाम | आयोजनाको उद्देश्य | कार्यान्वयन गर्ने मन्त्रालय/निकाय |
|---|---|---|---|
| **क. प्रदेशको बजेटबाट सार्वजनिक क्षेत्रले निर्माण गर्ने प्रदेश गौरवका आयोजना** | | | |
| १ | प्रदेश सदरमुकाम पोखरा देखि स्थानीय तहका केन्द्र जोड्ने सडक निर्माण आयोजना | करिब १,२६० कि.मि. लामो सडक निर्माण गर्न ट्र्याक नभएको ठाँउमा ट्र्याक खोल्ने, मौसमी सडक भएकालाई ग्राभेल गर्ने र ग्राभेल भएकालाई कालोपत्रे गर्ने । | भौतिक पूर्वाधार, सहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय |
| २ | एकीकृत प्रदेश प्रशासनिक केन्द्रको निर्माण आयोजना | प्रदेशका सबै मन्त्रालय र अन्य प्रदेशस्तरीय कार्यालय एकै ठाउँमा अटाउने नमूना प्रदेश प्रशासनिक केन्द्रको निर्माण गर्ने । | भौतिक पूर्वाधार, सहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय |
| ३ | मुख्यमन्त्री वातावरणमैत्री नमूना कृषि गाउँ आयोजना | प्रदेश सभाका प्रत्येक निर्वाचन क्षेत्रका कम्तीमा दुई गाउँमा जलवायु अनुकूलन नमूना कृषि प्रणाली विकास गरी कृषि क्षेत्रको उत्पादकत्व वृद्धि गर्ने । | भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय |
| ४ | गण्डकी गाई फार्म तथा दुग्ध विकास आयोजना | चीन सरकारको सहकार्यमा सार्वजनिक-निजी मोडेलमा गण्डकी गाई फार्म र दुग्ध विकास संस्थाको विकास गरी प्रदेशलाई दुग्ध उत्पादनमा आत्मनिर्भर बनाउने । | भूमि व्यवस्था, कृषि, सहकारी तथा गरीबी निवारण मन्त्रालय |

| | | | |
|---|---|---|---|
| ५ | स्याउमा आत्मनिर्भर हुने आयोजना | मनाङ, मुस्ताङ, गोरखा, लमजुङ र म्याग्दी जिल्लाको उत्तरी भागमा स्याउ खेतीको विस्तार गरी स्याउमा प्रदेशलाई आत्मनिर्भर बनाउने । | भूमि व्यवस्था,कृषि, सहकारी तथा गरीबी निवारण मन्त्रालय |
| ६ | घरवास (होमस्टे) विस्तार र सुदृढीकरण आयोजना | ग्रामीण क्षेत्रमा गरिबी निवारण र पर्यटन क्षेत्रको विविधीकरण गर्न घर वास (होमस्टे) विस्तार र सुदृढीकरण आयोजना | पर्यटन, उद्योग , वाणिज्य तथा आपूर्ति मन्त्रालय |
| ७ | नवलपुरको लोकाहा खोलामा प्रदेशस्तरीय औद्योगिक क्षेत्र निर्माण आयोजना | औद्योगिक क्षेत्र निर्माण गरी आयात प्रतिस्थापन गर्ने मझौला तथा ठूला उद्योग स्थापना गर्न निजी क्षेत्रलाई आह्वान गर्ने । | पर्यटन, उद्योग , वाणिज्य तथा आपूर्ति मन्त्रालय |
| ८ | गण्डकी विश्वविद्यालय स्थापना र सञ्चालन आयोजना | प्रदेशमा उत्पादन र उत्पादकत्व वृद्धि गरी प्रदेशलाई औद्योगिकीकरणमा लैजान सघाउने उच्चस्तरको दक्ष जनशक्ति उत्पादन गरी शिक्षालाई बजारसँग जोड्ने । | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |
| ९ | गण्डकी प्राविधिक प्रतिष्ठान स्थापना र सञ्चालन आयोजना | प्रदेशलाई औद्योगिकीकरणमा लैजान सघाउने मध्यमस्तरको प्राविधिक तथा व्यावसायिक जनशक्ति उत्पादन गरी शिक्षालाई बजारसँग जोड्ने । | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |
| १० | प्रदेश क्रिकेट मैदान निर्माण आयोजना | पोखरा महानगरपालिकाको पशुपतिघाटमा क्रिकेट मैदानको निर्माण गरी खेल पर्यटन प्रवर्द्धन गर्ने । | युवा तथा खेलकुद मन्त्रालय |

| | | | |
|---|---|---|---|
| ११ | सूचना प्रविधि पार्क निर्माण आयोजना | पोखरा महानगरको जामुनबोटमा सूचना प्रविधि पार्क निर्माण र सञ्चालन गरी डिजिटल गण्डकी प्रदेश बनाउने र प्रदेशलाई अन्तर्राष्ट्रिय बजारसँग जोड्ने । | कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रालय |
| १२ | प्रदेश प्रहरी तालिम केन्द्रको निर्माण आयोजना | प्रदेश प्रहरी तालिम केन्द्रको निर्माण गरी प्रहरी प्रशासनलाई दक्ष बनाउने । | आन्तरिक मामिला मन्त्रालय |
| १३ | विद्युतीय सुशासन आयोजना | विद्युतीय सुशासन लागू गरी पेपरलेस डिजिटल गण्डकी प्रदेश बनाउने । | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| **ख. नेपाल सरकारसँग स्रोत माग गरिएका रुपान्तरणकारी प्रदेश गौरवका आयोजना** | | | |
| १४ | पोखरा- डेडगाउँ-दुम्कीबास- त्रिवेणी सडक निर्माण आयोजना | मुस्ताङको कोरलादेखि नवलपुरको त्रिवेणीसम्म पूरा प्रदेशलाई जोडी औद्योगिकीकरणमा सघाउने । | भौतिक पूर्वाधार, सहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय |
| १५ | उत्तरगङ्गा जलाशययुक्त विद्युत् आयोजना | बागलुङ जिल्लाको ढोरपाटन क्षेत्रमा जलाशययुक्त विद्युत् आयोजना निर्माण गरी प्रदेशको सन्तुलित विकास र औद्योगिकीकरण गर्ने । | ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय |
| १६ | फेवातालको संरक्षण र सौन्दर्यीकरण आयोजना | फेवातालको क्षेत्र निर्धारण गर्ने दायाँबायाँ ढल निर्माण गर्ने, जलाधार क्षेत्र संरक्षण गर्ने र दायाँवायाँ सौन्दर्यीकरण गरी पर्यटक आकर्षण गर्ने । | पर्यटन, उद्योग , वाणिज्य तथा आपूर्ति मन्त्रालय |
| १७ | कास्की र तनहुँको बीचमा पर्ने तल्लो पुँडिटार क्षेत्रमा प्रदेशस्तरीय औद्योगिक क्षेत्र निर्माण आयोजना | कास्की र तनहुँको बीचमा पर्ने तल्लो पुँडिटार क्षेत्रको करिब २,८०० रोपनीमा प्रदेशस्तरीय औद्योगिक क्षेत्र निर्माण गरी निजी क्षेत्रलाई उद्योग खोल्न आमन्त्रण गर्ने । | पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय |

| | | | |
|---|---|---|---|
| १८ | मुटु, मृगौला र क्यान्सरको एकीकृत प्रदेश अस्पताल निर्माण आयोजना | प्रदेशको राजधानी पोखरामा मुटु, मृगौला र क्यान्सरको एकीकृत प्रदेश अस्पताल निर्माण गरी जनतालाई स्वास्थ्य सेवा सहज रूपमा उपलब्ध गराउने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय |
| **ग. नेपाल सरकारले कार्यान्वयन गर्ने प्रदेश गौरवका आयोजना** | | | |
| १९ | पृथ्वी लोकमार्गको स्तरवृद्धि आयोजना | पृथ्वी लोकमार्गको पोखरा मुगलिङ खण्ड बजार क्षेत्रमा ६ लेनको र अन्य क्षेत्रमा ४ लेनमा स्तर वृद्धि गर्ने । | सडक विभाग |
| २० | सिद्धार्थ लोकमार्गको स्तरवृद्धि आयोजना | सिद्धार्थ लोकमार्गको घुमाउरा घुम्ती सुधार गरी स्तर वृद्धि गर्ने । | सडक विभाग |
| **घ. निजी क्षेत्रले निर्माण गर्ने प्रदेश गौरवका आयोजना** | | | |
| २१ | बिरेठाँटी-मुक्तिनाथ केबलकार निर्माण आयोजना | कास्कीको बिरेठाँटीदेखि मुस्ताङको मुक्तिनाथसम्म ८४ कि.मि. लामो, दैनिक ३६,००० यात्रु बोक्न सक्ने केबलकारको निर्माण गरी धार्मिक पर्यटक बढाउने । | मुक्तिनाथ केबलकार प्रा.लि. |
| २२ | बुद्धमण्डला निर्माण आयोजना | पोखराको काहुँडाँडामा १०,००० व्यक्तिले एकैचोटि प्रार्थना गर्न सक्ने प्रार्थना घर र ८५ मिटर अग्लो बुद्ध मूर्ति बनाई पर्यटक आकर्षण बढाउने । | पोखराको निजी क्षेत्र |
| २३ | फुलबारी-काहुँडाँडा केबलकार निर्माण आयोजना | पोखराको फुलबारी देखि काहुँडाँडाको बुद्ध मण्डलासम्म केबलकारको निर्माण गरी प्रदेशमा पर्यटक बढाउने । | पोखराको निजी क्षेत्र |

# अनुसूची–६

## नेपाल सरकारबाट प्रदेश सरकारले उपयोग गर्ने गरी प्राप्त भएका जग्गा/भवनको विवरण

| सि.नं. | जग्गाको प्रयोग गर्ने निकाय/प्रयोजन | प्राप्त जग्गाको विवरण | कैफियत |
|---|---|---|---|
| १ | सञ्चार ग्राम स्थापना (पोखरा म.न.पा. १८ कास्की) | साबिक ग्यारजाती २ कि.नं.१८३ क्षेत्रफल ९६-१३-२-० को जग्गा। | |
| २ | गण्डकी प्राविधिक शिक्षालय (GIT) (फेदीखोला गा.पा. १ स्याङ्जा) | साबिक फेदीखोला-९ मा रहेको १४७ रोपनी २ आना जग्गा। | |
| ३ | प्रदेश आयुर्वेद चिकित्सालय (पोखरा म.न.पा.२६ कास्की) | साबिक कन्नानी डाँडा-४ कास्की कि.नं.७४५ क्षेत्रफल ३०६-२-३-१ मध्ये करिब २५ रोपनी जग्गा। | |
| ४ | गण्डकी प्रदेश विश्वविद्यालय (शुक्लागण्डकी ५ तनहुँ र साबिक रूपाकोट १ र २ हाल पो.म. न.पा.३२ कास्की) | साबिक उदेनढुङ्गा-४ हाल शुक्लागण्डकी ५ तनहुँको कि.नं.१० क्षेत्रफल १७५ रोपनी जग्गा र साबिक रुपाकोट १ र २ हाल पो.म.न.पा. ३२ को ३५२ रोपनी १५ आना जग्गा गरी जम्मा ५२७ रोपनी १५ जग्गा। | |
| ५ | अन्तर्राष्ट्रियस्तरको क्रिकेट मैदान निर्माण (पोखरा म.न.पा. ३३ कास्की) | साबिक भोटेपोखरी ९ कास्की कि.नं. २२३४ क्षेत्रफल १७७ रोपनी १४ आना गौचर र भिर लेखिएको नेपाल सरकारको नाउँमा दर्ता नभएको खाली जग्गा। | |
| ६ | महेन्द्रपुलस्थित हुलाक निर्देशनालयको जग्गा | भुइँतला बाहेक माथिल्लो २ तला उपयोग गर्ने गरी प्राप्त। | |
| ७ | साबिकको स्थानीय विकास प्रशिक्षण केन्द्रको जग्गा | ११४ रोपनी जग्गा प्रदेशलाई उपयोग गर्न प्राप्त भएकोमा उक्त जग्गामध्ये प्रदेश सभालाई ६५ रोपनी र गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानलाई ४९ रोपनी जग्गा उपयोगको लागि बाँडफाँट गरिएको। | |



गण्डकीलाई पूर्ण साक्षर प्रदेश घोषणा समारोहमा सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवालाई मायाको चिनो प्रदान गर्नुहुँदै माननीय मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल


सम्माननीय प्रधानमन्त्री ज्यूसँगको भेटवार्तामा माननीय मुख्यमन्त्री


संविधान दिवसका अवसरमा प्रदेश सरकारद्वारा आयोजित समारोहमा माननीय प्रदेश प्रमुख पृथ्वीमान गुरुङका साथमा माननीय मुख्यमन्त्री


गण्डकी प्रदेशका विकास योजना सम्पन्न गर्न आवश्यक बजेटका सम्बन्धमा अर्थमन्त्री जनार्दन शर्माज्यूलाई पत्र बुझाउनुहुँदै माननीय मुख्यमन्त्री ।


नेपाली सेनालाई विपद उद्धार सम्बन्धी सामग्री हस्तान्तरण गर्नुहुँदै माननीय मुख्यमन्त्री ।


कोभिडबाट अभिभावक गुमाएका बालबालिकालाई शिक्षाका लागि मासिक ५ हजार प्रदान गर्ने कार्यक्रमको सुरुआतमा माननीय मुख्यमन्त्री


प्रदेशको पञ्च वर्षीय योजना सार्वजनिक गर्नुहुँदै तत्कालीन मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङ


अमेरिकाको वासिङ्टन राज्यका गभर्नरसँगको भेटमा तत्कालीन मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङ




**प्रकाशक**

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय


गण्डकी प्रदेश, पोखरा, नेपाल

फोन: ०६१-४६७८५१, ४६७६८३, ४६७६६४,

हेल्लो मुख्यमन्त्री कक्ष टोल फ्रि नं.: १०९४

E-mail: ocmcm.gandaki@gmail.com, http://ocmcm.gandaki.gov.np